**नेवा सेकुवा पसः**
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।




**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095



❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर २४ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 December 10 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०४


## श्रीसियावासीद्वारा धर्ना, चार बुँदे सहमतिपछि खुल्यो ड्राइपोर्टको मूल गेट

राधेश्याम पटेल, परवानीपुर, २३ मङ्सिर/

जग्गाको मुआवजा माग गर्दै आन्दोलित वीरगंज-२५ श्रीसियाका बासिन्दा र वीरगंज भन्सार कार्यालयबीच चार बुँदे सहमति भएको छ । जग्गाधनी स्थानीय र कार्यालयबीच भएको सहमतिपछि मुआवजाका लागि आएको एक अर्ब रुपैयाँ वितरण गर्ने र बाँकी रकमका लागि अर्थ मन्त्रालयसँग माग गर्ने सहमति भएको हो ।


जग्गाको मुआव्जा माग गर्दै आन्दोलित स्थानीय । तस्वीरः प्रतीक

भन्सार अधिकृत सन्तोष न्यौपानेका अनुसार सहमतिपछि भन्सार मूलगेट खुलाइएको छ । बाँकी मुआवजा भुक्तानीको लागि माघ महीनासम्मको समय लिइएको छ । माघसम्म बाँकी पैसा अर्थ मन्त्रालयसँग माग गर्ने सहमति बनेको उनले बताए । अर्थ मन्त्रालयले यस विषयमा गम्भीर बनेर एकमुस्ट मुआवजा पठाइदिनुपर्ने आन्दोलनरत स्थानीय अगुवा जइन्द्र पटेलले माग गरे ।

मुआवजाका लागि चार अर्ब चाहिने भएपनि एक अर्ब मात्रै पठाएको भन्दै स्थानीयले बिहीवार बिहानदेखि श्रीसिया सुक्खा बन्दरगाहको मूल गेटमा धर्ना दिएका थिए । बिहान ७ देखि दिउँसो १ बजेसम्म स्थानीयले धर्ना दिएका थिए । करीब ६२ बिघा जग्गा सरकारले ६ वर्षदेखि रोक्का गरेर अधिग्रहण गरिरहेको छ । तर मुआवजा भने सबैले पाएका छैनन् । ४४७ जनामध्ये ४७ जनाले मात्र मुआवजा पाएका छन् । साढे पाँच अर्ब मुआवजा आवश्यक रहेकोमा गत वर्ष डेढ अर्ब मात्रै आएको थियो । केही दिनअघि एक अर्ब निकासा भएको छ ।

धर्नामा वृद्धा छठियादेवी तत्वा पनि सहभागी थिइन् । उनी भने जग्गा अधिग्रहणका कारण घरबार नै नरहने अवस्था आएपछि धर्नामा बसेकी हुन् । उनको दुई धुर जग्गा मात्रै छ । त्यो जग्गा बेचेर अन्त किन्न सकिंदैन । सरकारले त्यहाँको जग्गाको मूल्याङ्कन कट्ठाको २९ लाखदेखि ६२ लाखसम्म रुपैयाँसम्म गरेको छ, जुन असान्दर्भिक रहेको गाउँलेको भनाइ छ । उनीहरूले पुनर्वासको मागसमेत राखेका छन् । अहिले त्यहाँको जग्गाको भाउ कट्ठाको करीब सवा करोड पुगेको छ ।

## पर्सामा कोरोनाविरुद्ध खोप अवधि दुई दिन थपियो

प्रस, वीरगंज, २३ मङ्सिर/

जिल्ला खोप समन्वय समिति, पर्साले जिल्लामा खोप सञ्चालनको अवधि दुई दिन थप गरेको छ । बिहीवार जिल्ला प्रशासन कार्यालय, पर्सामा बसेको समितिको बैठकले दुई दिन अवधि थप गरेको जिल्ला स्वास्थ्य कार्यालय पर्साका खोप अधिकृत जयमोद ठाकुरले जानकारी गराएका छन् ।


तस्वीरः प्रतीक

कोभिड-१९ कोरोनाविरुद्ध १८ वर्ष उमेरमाथिरुपैयाँका व्यक्तिहरूको लागि समितिले मङ्सिर २२, २३ र २४ गते ३ दिन तोकी जिल्लाभरि खोप अभियान सुरू गरेको थियो । आजको बैठकले २५ र २६ गते दुइ दिन थप गरी खोप दिने अवधि थप गरेपछि खोप अभियान सञ्चालन अवधि पाँच दिन पुगेको खोप अधिकृत ठाकुरले बताए । बैठक जिल्ला खोप समन्वय समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी उमेशप्रसाद ढकालको अध्यक्षतामा भएको हो ।

वीरगंज महानगरपालिका लगायत जिल्लाका विभिन्न पालिकाहरूस्थित खोप केन्द्रमा कोरोना सङ्क्रमण विरूद्ध खोप लगाउनेहरूको भिड बढेको छ । नेपालमा समेत ओमिक्रोन नामक कोरोनाको नयाँ भाइरस पुष्टि भएसंगै यस अघि खोप नलगाएकाहरूमा खोप लगाउने चटारो बढेको कारण खोप केन्द्रमा भिड बढेको हो । सोही कुरालाई ध्यानमा राखेर खोप अवधि थप गरिएको खोप समन्वय समितिका पदाधिकारीहरूले बताएका छन् ।

वीरगंज महानगरपालिकाका ३२ वटै वडाका खोप केन्द्रहरूका साथै वीरगंजको घण्टाघर स्थित प्रहरी विट, आदर्शनगर स्थित ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रमा खोप केन्द्र स्थापना गरी खोप अभियान सञ्चालन गरिरहेको वीरगंज महानगरपालिकाका स्वास्थ्य शाखाले जनाएको छ । ५ दिनसम्म जारी रहने खोप अभियानमा महानगरपालिका भित्र मात्रै ३७ वटा खोप केन्द्र स्थापना गरिएको र महानगरपालिकाले हालै खोप भण्डारण कक्ष समेत सञ्चालनमा ल्याएको कारण खोपको व्यवस्थापन सहज भएको महानगर नगर प्रमुख सरावगीले बताए ।

महानगरलगायत जिल्लाका १४ वटा पालिकाहरूमा १२९ वटा खोप केन्द्राबाट खोप अभियान सञ्चालन गरिएको जनस्वस्थ्य खोप अधिकृत ठाकुरले बताए. सवै खोप केन्द्रहरूमा भेरोसेल खोपको पहिलो र दोस्रो दुवै डोज खोप उपलब्ध हुने साथै मंसिर २४ गते शुक्रवार देखि सवै केन्द्रमा अस्ट्रजेनिकाको कोभिसिल्ड खोप दोस्रो डोज पनि उपलब्ध हुने उनले जानकारी गराएका छन् ।

## बालबालिकासहित युवतीद्वयको भारतबाट उद्धार

प्रस, वीरगंज, २३ मङ्सिर/

झापा जिल्लाबाट दुई वर्षअगाडि शिशुसहित बेपत्ता भएका दुईजना युवतीको भारतबाट उद्धार गरिएको छ ।

झापाकी १८ वर्षीया युवती आफ्ना नाबालक छोरा र १९ वर्षीया युवतीसहित बेपत्ता भएकी थिइन् । उनीहरूको खोजतलाश गर्ने क्रममा भारत बिहारको छौडादानोबाट उद्धार गरी बिहीवार वीरगंज ल्याइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिएका छन् ।

उनीहरूलाई राम्रो जागीर लगाइ दिने र आकर्षक सेवासुविधासहितका पारिश्रमिक दिने प्रलोभनमा पारी तस्कर समूहले भारत पुऱ्याएको पीडितको बयानमा उल्लेख छ । जिल्ला प्रहरी कार्यालय, पर्सा, माइती नेपाल र भारतीय काउन्टर पार्ट्ससँगको समन्वयमा दुई युवती, दुई बालकसहित चारैजनाको उद्धार गरिएको प्रवक्ता खनालले बताए ।

महिलाद्वयलाई सूचना सामग्री तथा मोबाइलको समेत प्रयोग गर्न नदिई एउटा अँध्यारो र अन्य मानिसको प्रत्यक्ष सम्पर्कभन्दा भिन्न कोठामा राखिएको अवस्थामा फेला पारिएको उद्धार टोलीका सदस्यहरूले बताएका छन् ।

प्रलोभन दिएर लैजाने व्यक्तिहरूले भारतीय आर्केस्ट्रा सञ्चालकलाई बेचेको र आर्केस्ट्रा सञ्चालकले समयमा पारिश्रमिक र खाना लगाउनसमेत राम्रोसँग नदिने साथै आर्केस्ट्राको काम पनि कहिलेकाहीं मात्रै हुने गरेको पीडित महिलाद्वयले बताएकी छन् ।

हाल उनीहरूको वीरगंजस्थित माइती नेपालको आश्रममा राखी स्वास्थ्य चेकजाँच एवं मनो परामर्श सेवा प्रदान गरिरहेका छन् ।

बेचबिखनमा संलग्नहरूको खोजी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

## पटेर्वासुगौलीको अनियमितताविरुद्धमा आमरण अनशन

प्रस, पंचगावाँ, २३ मङ्सिर/

पटेर्वासुगौली गाउँपालिकामा भएको अनियमितताविरुद्ध एकजना युवकले मङ्सिर २० गतेदेखि आमरण अनशन शुरू गरेका छन् ।


तस्वीरः प्रतीक

सो गापामा हुने अनियमितता, बेथिति र कुसशासनविरुद्धमा पटेर्वासुगौली गापा-३ का रामजनम चौधरीले आमरण अनसन शुरू गरेका हुन् ।

कृषिमा स्नातक गरेका चौधरीले फरहदवास्थित गापा कार्यालयअगाडि आमरण अनशन शुरू गरेका हुन् । मङ्सिर १५ देखि १९ गतेसम्म माग पूरा गराउन धर्नामा बसेका चौधरीले मङ्सिर २० गतेदेखि आमरण अनशन शुरू गरेका हुन् । आफूले विभिन्न माग राख्दै जनप्रतिनिधिहरूको ध्यानाकर्षण गराएको र चेतावनीस्वरूप गापा कार्यालयमा धर्ना दिएको तर बेवास्ता गरेपछि आमरण अनशनमा बसेको चौधरीले प्रतीकलाई बताए ।

गापा र वडा कार्यालयहरूमा कर्मचारीहरू समयमा उपस्थित भई काम गर्नुपर्ने, प्रमुख प्रशासकीय अधिकृतको सरुवा गर्नुपर्ने, गापामा भएका विकास कार्यको उपलब्धिबारे स्थानीयवासीलाई जानकारी गराउनुपर्ने, गापा अन्तर्गतका खेलाडीहरूका लागि खेलमैदान, प्रतियोगिता, प्रशिक्षकको व्यवस्था, तलबभत्ता तथा खाने-बस्ने व्यवस्था गर्नुपर्ने, कृषिलाई आधुनिकीकरण गर्न मलखाद तथा उपकरणहरूको सुविधा उपलब्ध गराउनुपर्ने, वडामा एम्बुलेन्सको व्यवस्था गर्नुपर्ने, विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था मिलाउनुपर्ने, विभिन्न विषयगत शिक्षकको खाली दरबन्दीमा शिक्षक नियुक्ति गरिनुपर्ने, विद्यालयमा कक्षाकोठा तथा भौतिक पूर्वाधारको व्यवस्था गर्नुपर्नेलगायत १० सूत्रीय माग राखेर आफू आमरण अनशनमा बसेको उनले बताए । उनले माग पूरा नहुन्जेलसम्म आफूले आमरण अनशन नतोड्ने प्रतिबद्धता जाहेर गरे ।

यसबारे गापा उपाध्यक्ष ममता महतोले युवकको मागप्रति आफ्नो समर्थन रहेको बताइन् । उनले गापा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बाहिर गएकाले युवकको माग सम्बोधन गर्ने विषयमा ढिला भएको र आउनासाथ समस्याको समाधान गरेर आमरण अनशन स्थगित गराउन पहल गर्ने बताइन् । उनले गापा अध्यक्ष नआउन्जेलसम्म आमरण अनशन स्थगित गर्न पनि आग्रह गरिन् ।

## पोखरिया-लङ्गडी सडकखण्डमा कालोपत्र शुरू

प्रस वीरगज,२३ मंसिर/

पोखरियादेखी लङ्गडीसम्म कालोपत्रको काम शुरु भएको छ । प्रदेश सरकारको सहयोगमा निर्माण भइरहेको यो सडक खण्डको काम भएको लामो समयपछि कालोपत्र शुरु भएको हो ।


तस्वीरः प्रतीक

सडक बनाउने क्रममा लामो समयसम्म साइड क्लियर गर्न समय लागेको थियो ।

यो क्रममा गर्मियाममा धुलो र वर्षायाममा हिलो हुँदा मानिसहरुको आवागमनमा समस्या हुने गरेको थियो । अहिले पोखरीया, लङ्गडी, मिर्जापुर, टिहुँकी चारगाहा, जयमङ्गलापुर भिस्वा र सबैठवासम्म रिङ्गरोडको अवधारणा अनुसार सडक कालोपत्र गर्ने काम


**हार्दिक बधाई तथा शुभकामना**


रमेश पटेल

लोकतान्त्रिक समाजवादी पार्टी नेपालको पर्सा जिल्ला परवेक्षक मनोनयन हनुभएकोमा प्रदेश सभा सदस्य **रमेश पटेल** ज्यूलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

**शेख फिरोज** (उपाध्यक्ष)
**लोसपा वीरगंज नगर समिति**





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com



जनगणनाबाट प्राप्त तथ्याङ्कले संविधानमा व्यवस्था भएका मौलिक हक अधिकार कार्यान्वयनको मूल्याङ्कन गर्न र लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्न मदत पुग्दछ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## विचारसार र सूक्तिहरू

**जीवनमा सबैभन्दा धनवान् व्यक्ति त्यो हो, जो अरूलाई खुशी दिएर उसको मन जित्दछ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

## कुरा रगतको

**कोरोनाको कहर शुरू भएदेखि वीरगंजमा रगतको अभाव हुने क्रम बढेको छ। यसो त रगत अभाव यसअघि पनि हुने गरेको थियो। तर कोरोनाको कारण भने पहिलेको डायरी सरह अत्यधिक गर्मीयाम, चीसो र चाडपर्वबाहेकका दिनमा पनि रगत अभाव हुन थालेको छ। कोरोनाका कारण दुई वर्षदेखि रगत अभावको समस्या जटिल बन्दै गएको छ। कोरोनाले रक्तदान प्रभावित भएको छ। भीडभाडबाट कोरोना सङ्क्रमण हुने भएकोले रक्तदान कार्यक्रम कम भएको हो। कोरोनाको पहिलो लहरमा रक्तदान कार्यक्रमहरू पूर्णरूपमा प्रभावित बन्यो। घोषित कार्यक्रमहरू पनि स्थगित भए, रगत अभाव भएपछि रक्तदाताहरू रक्तसञ्चार केन्द्र, वीरगंजमा पुगेर रगत दिनेबाहेक कार्यक्रम आयोजना गरेर रगत दिने कार्य गत वर्ष अर्थात् २०७७ सालमा नभए बराबर भयो। सो वर्ष कोरोना सङ्क्रमणका कारण अस्पताल भर्ना दर पनि कम भयो। अत्यावश्यकबाहेकका बिरामीहरू कोरोनाका कारण अस्पतालमा भर्ना हुन चाहेनन् भने चिकित्सक, अस्पतालले पनि त्यस्ता बिरामीहरू भर्ना लिन कम गरेका थिए। जसले गर्दा रगतको माग कम रह्यो र रगतको त्यति सान्हो अभाव भएको अनुभूति भएन। अहिले कोरोनाको पाँचौं स्वरूप ओमिक्रोनको हल्लाले आममानिसलाई आक्रान्त पारेको छ। ओमिक्रोनको असरका बारेमा स्वास्थ्य विज्ञहरू पनि त्यति सान्हो जानकारी छैनन्। विश्व स्वास्थ्य सङ्गठनले पनि हल्ला जस्तो डराइराख्नु नपर्ने भनेर सान्त्वना दिइरहेको छ तर स्वास्थ्य मापदण्ड पूरा गर्ने कुरामा लापरवाह नहुन पनि सुझाइरहेको छ।**

**रक्त सञ्चार केन्द्र वीरगंज प्रदेश दुईकै सबैभन्दा पुरानो हो। आठ जिल्लामध्ये अहिले धनुषाको जनकपुरमा पनि रक्तसञ्चार केन्द्र छ। जनकपुरको केन्द्रले धनुषा, महोत्तरी, सिराहा र सप्तरी तथा वीरगंजको केन्द्रले पर्सा, बारा, रौतहट र सर्लाही जिल्लाका बिरामीहरूलाई रगत आपूर्ति गर्दै आएको छ। वीरगंजमा चार जिल्लाका साथै भारत बिहार राज्यका विभिन्न जिल्लाबाट पनि रगतका लागि मानिसहरू आउने गर्छन्। वीरगंजका अस्पतालहरूमा भर्ना भएर रगत चढाएर उनीहरू जान्छन्। नेपाल–भारतबीच मानव अङ्गप्रत्यारोपणसम्बन्धी सम्झौता नभएको कारण यसो भएको हो। यताबाट उता र उताबाट पनि यता रगत ल्याउन र लैजान कानूनतः अपराध हो र यसो गरेको खण्डमा मानव अङ्ग प्रत्यारोपणको मुद्दा लाग्न सक्छ। भारत बिहारमा यहाँ जस्तो रक्तदान सहज हुँदैन। त्यहाँ रगतको अभाव हुने र मध्यमवर्गीय मानिसहरूले रगतको समस्या झेल्नुपर्ने हुँदा खुला सीमाका कारण उताका मानिसहरू रगतका लागि वीरगंज आउने यहाँको अस्पतालमा भर्ना हुने रगत चढाएर फर्कने गर्दै आएका छन्।**

**वीरगंजमा अस्पतालको सङ्ख्या बढ्दो छ र योँगै रगतको माग पनि बढिरहेको छ। गर्भवी मीहिला, मर्गिाला, थेलेसेमियाका बिरामी र दुर्घनामा परेकाहरूका लागि रगतको बढी आवश्यकता पर्ने गरेको छ। यसअघि रगत उत्पादन नहुने हेमोफेलियाका बिरामीहरूमा पनि रगतको बढी खपत थियो। तर हेमोफेलियाका बिरामीहरूको लागि छुट्टै खोप निर्माण भएकोले अहिले उनीहरूलाई रगत आवश्यक छैन। अबका दिनमा चीसो शुरू हुँदैछ र योसँगै रगतको अभाव पनि हुन सक्छ। तसर्थ कोरोनाको असर, रगतको बढ्दो मागलाई पुरा गर्नका लागि सरोकारवालाहरू चनाखो हुनका साथै अभाव हुन नदिने जोरजाम गर्न जरुरी छ।**

# नेपाली काङ्ग्रेस महाधिवेशन र जनअपेक्षा

स्वतन्त्र विचार



**श्रीमन्नारायण**
an_shriman@yahoo.com

**वामपन्थी विचारको विरोध तथा लोकतन्त्र, सामाजिक न्याय एवं समानताको पक्षमा खुलेर वकालत गर्ने प्रकाशमान सिंहलाई नेतृत्वमा ल्याउनु नेपाली काङ्ग्रेसको हितमा हुनेछ। नेपाली काङ्ग्रेसको यस महाधिवेशनले यस दिशामा पनि ध्यान दिनुपर्ने अवस्था छ।**

देशको सबैभन्दा ठूलो एवं पुरानो लोकतन्त्रवादी पार्टी नेपाली काङ्ग्रेसको चौधौं महाधिवेशन आजदेखि शुरू हुँदैछ। देशको समसामयिक राजनीतिक अवस्था, अस्तव्यस्त परराष्ट्र सम्बन्ध, अस्थिर राजनीतिक अवस्था तथा न्यायपालिकामा देखिएको तनाव एवं द्वन्द्वपूर्ण अवस्थामा भइरहेको यस अधिवेशनबाट राष्ट्रले नेपाली काङ्ग्रेससित धेरै अपेक्षा राख्नु अस्वाभाविक होइन। चार वर्ष अघि भएको आम निर्वाचनमा नेपाली जनताले वाम गठबन्धनलाई झन्डै दुई तिहाई बहुमतसहित जनादेश दिएको थियो तर पदीय महत्त्वाकाङ्क्षा एवं अहङ्कारका कारण वाम गठबन्धनका नेताहरूले त्यस व्यापक जनादेशरूपी महाअस्त्रको सुरक्षा गर्न सकेनन् र पुनः त्यो जनताकै हातमा फर्केको छ। नेपाली काङ्ग्रेसको महाधिवेशन यस अर्थमा पनि सार्थक साबित हुन आवश्यक छ कि वामपन्थीहरूको तुलनामा नेपाली जनताले नेपाली काङ्ग्रेसमाथि किन विश्वास गर्नुपर्दछ ? पार्टीको राष्ट्रिय महाधिवेशनको बेला पार्टीका ब्यानरहरूमा स्व. विपी, गणेशमान, सुवर्ण शम्शेर र किसुनजीको फोटो झुन्ड्याउनुको अर्थ त्यति बेलासम्म सार्थक साबित हुनेछैन जबसम्म पार्टीले अख्तियार गर्ने आर्थिक, सामाजिक एवं राजनीतिक नीति उपरोक्त नेताहरूको सपनालाई साकार गर्ने खालको हुँदैन। समाजवादको नारा मात्रै जपेर हुँदैन, आफ्नो निजी जीवनशैलीलाई निकै आधुनिक, भव्य एवं आकर्षक बनाएका नेताहरूले सादगीको चर्चा गर्दा हाँसो पनि उठ्छ। नेपाली काङ्ग्रेसले यस महाधिवेशनमा पार्टीका प्रमुख पदहरूको उम्मेदवारी शुल्क यति बढी राख्नुको अर्थ नै अब यो पार्टी सामान्य जनको निम्ति नरहेको प्रस्ट हुन्छ। पार्टी नेतृत्वमा वर्तमान सभापति तथा देशका प्रधानमन्त्री शेरबहादुर देउवा, वरिष्ठ नेताद्वय रामचन्द्र पौडेल एवं प्रकाशमान सिंह तथा शेखर कोइराला एवं विमलेन्द्र निधिको नाम पनि चर्चामा छ। युवाहरूको स्वाभाविक आकर्षण प्रकाशमान सिंहतिर देखिन्छ। के नेपाली काङ्ग्रेसले पनि राप्रपाले राजेन्द्र लिङ्देनमाथि विश्वास गरेझैं प्रकाशमान सिंहजस्ता स्वच्छ एवं इमानदार छविका युवा नेतामाथि विश्वास गर्ला भन्ने प्रश्न उठिरहेको छ।

कुनै पनि राजनीतिक दलको राष्ट्रिय महाधिवेशन प्रत्येक ५ वर्षपछि आपसी भेटघाट, भलाकुसारी गर्ने, पिकनिक र भोजभतेर गर्ने, मनोरञ्जनात्मक अवसर होइन। राष्ट्रिय महाधिवेशन नै राजनीतिक दलहरूको महत्त्वपूर्ण एवं सबैभन्दा शक्तिशाली साङ्गठनिक ढाँचा हुने गर्दछ किनभने यसले नेतृत्वसमेत फेर्ने गर्दछ। पार्टीको राष्ट्रिय महाधिवेशन कुनै पनि राजनीतिक दलको निम्ति सिंहावलोकन गर्ने अवसर पनि हुन्छ। यस अवसरमा पार्टीका नेता एवं कार्यकर्ताहरूले पार्टीको आर्थिक, सामाजिक एवं राजनीतिक नीतिको गहन समीक्षा गर्दै यसमा आवश्यक परिमार्जन गर्ने अथवा नयाँपन दिने काम पनि गर्दछन्। पार्टीले परराष्ट्र नीतिबारे पनि समीक्षा गर्ने र नीति अख्तियार गर्ने अवसर प्राप्त गरेको हुन्छ। विगतका सरकारको पालामा नेपालले अख्तियार गरेको परराष्ट्र नीतिबाट न त उत्तरी र दक्षिणी मित्रराष्ट्रहरू, न अमेरिकालगायत पश्चिमेली देशहरू नै सन्तुष्ट थिए। केवल उखान टुक्कामा सीमित र जनतामा भ्रम सिर्जना गर्ने खालको नीतिले देशको परराष्ट्र नीतिलाई सबल, सफल र सक्षम बनाउन सक्दैन।

चौथौ महाधिवेशनको तयारीको क्रममा वडास्तरको निर्वाचनमा गोलीसमेत चल्ने अवस्था उत्पन्न हुनु र त्यसमा पार्टीकै समर्थक कार्यकर्ता एवं पर्यवेक्षक कुटिनु, अपमानित हुनु अथवा भय एवं त्रासको वातावरणबाट गुज्रिनुको अर्थ नेपाली काङ्ग्रेस अझै पनि गाउँका शोषक, सामन्त, ठेकेदार एवं भयत्रास खडा गरेर समाजमा वर्चस्व कायम गर्ने मानसिकता राख्दछ भन्ने सन्देश प्रवाहित भएको छ। वाम गठबन्धनको असफलता, मधेसी दलहरूको अकर्मण्यता र अलोकप्रियताबाट दुःखी नेपाली जनता नेपाली काङ्ग्रेसतिर आकर्षित भइरहेको थियो तर यस्ता घटनाले निम्न एवं मध्यम वर्गीय मतदाता अन्योलमा पर्न सक्दछ। नेपाली काङ्ग्रेसको पार्टीको आन्तरिक निर्वाचनमा हिंसाको प्रयोग हुनुहुँदैनथ्यो। भइसकेको घटनाको निन्दा हुनुपर्दथ्यो तर यस्तो भएन। यस पटकको साङ्गठनिक निर्वाचनमा कतिपय ठाउँमा बलजफ्ती घटना भएको पनि पाइयो। पार्टीको साङ्गठनिक निर्वाचनमा परस्पर अविश्वास एवं तनावपूर्ण अवस्था सिर्जना हुँदा यसको ठूलो प्रभाव पार्टीको सम्पूर्ण संरचनामाथि पर्न जान्छ। विपक्षी दलहरूको प्रभाव र रणनीतिभन्दा पनि आफ्नै पार्टीका नेताहरूको अन्तर्कलह र अन्तर्घातका कारण चुनावमा बढी पराजय भोग्न बाध्य हुँदै आएको नेपाली काङ्ग्रेसले कमसेकम साङ्गठनिक निर्वाचनलाई निष्पक्षरूपमा सम्पादन गर्न सक्दथ्यो। पार्टी सभापतिका विरोधी नेता, कार्यकर्ताहरू जसरी गाउँ–गाउँमा क्षुब्ध एवं दुःखी देखिन्छन् यदि राष्ट्रिय महाधिवेशनमा नेतृत्वको चयन पनि एकलौटीरूपमा भयो भने यो पार्टी पनि विभाजनको सँघारसम्म पुग्ने सम्भावना देखिन्छ।

यस वर्षको मङ्सिर र पुस महीना नै नेपालका राजनीतिक दलहरूको निम्ति महाधिवेशन र राष्ट्रिय सम्मेलनको महीना साबित भइरहेको छ। प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको राष्ट्रिय महाधिवेशन निकै आकर्षक ढङ्गले सम्पन्न भएको छ। अब नेकपा एमाले पनि विचार र सिद्धान्तमुखी पार्टी नभई मधेसवादी दलहरूजस्तो पार्टी सभापतिको देवत्वकरण गर्दै सम्पन्न भएको छ। आगामी दिनमा पार्टी अध्यक्षको भक्तिभाव र गुणगान गर्न कन्जुस्याइँ गरी आत्मसम्मान र स्वाभिमान जगाउन खोज्नेहरू दूधमा परेको झिंगाझैं फालिनुको विकल्प हुनेछैन। बरु राष्ट्रिय प्रजातन्त्र पार्टीले राजेन्द्र लिङ्देनको नेतृत्वमा विश्वास गरेर पार्टीभित्र एकाधिकार जमाउँदै आएका कमल थापाको अहङ्कार समाप्त गर्ने काम गरेको छ। राप्रपाका महाधिवेशन प्रतिनिधिहरूले युवा नेतृत्वमाथि विश्वास गरेर अपेक्षाकृत साहसी निर्णय गरेका छन्। के नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू पनि प्रकाशमान सिंहजस्ता स्वच्छ, इमानदार एवं लामो राजनीतिक पृष्ठभूमि भएका नेताहरूमाथि विश्वास गरी अवसर प्रदान गर्नेछन् भन्ने प्रश्न उठिरहेको छ। पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा पार्टीभित्र निकै बलियो अवस्थामा देखिन्छन्। आफू अन्तिमपटक उम्मेदवार बनेको भन्दै भावनात्मक अपीलमार्फत सबै पक्षबाट सहयोगको अपील गरेका छन्। तर विगतमा उनका खास सहयोगी रहेका विमलेन्द्र निधिमाथि पनि यस अपीलको असर पर्ने सम्भावना कमै देखिन्छ। यता देउवाइतर समूहमा पनि सहमति कायम हुन सकेको छैन र कोइराला परिवारबाट शेखर कोइराला, रामचन्द्र पौडेल र प्रकाशमान सिंहको दाबेदारी पनि पार्टी सभापतिको पदमा निश्चित हुने देखिएको छ।

प्रकाशमान सिंहले आफ्नो उम्मेदवारीको औचित्यबारे प्रस्ट भनेका छन् कि गणेशमान सिंहको परिवारले मात्रै नेपाली काङ्ग्रेस, देश र प्रजातन्त्रको निम्ति त्याग गरिरहने ? देश र प्रजातन्त्रको निम्ति त्याग गर्नुलाई उनले गर्व र स्वाभिमानको विषय बताएका छन्। गणेशमान सिंहले स्व. मातृकाप्रसाद कोइराला, विपी कोइराला, गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराईलाईसमेत प्रधानमन्त्री बनाउन सहयोग गरे। पार्टी सभापति बनाउन सहयोग गरे। त्यसैगरी प्रकाशमान सिंहले पनि शेरबहादुर देउवालाई पार्टी सभापति र पटक–पटक प्रधानमन्त्री बनाउन सहयोग गरे। सुशील कोइरालालाई पनि सहयोग गरे। विद्यार्थीकालदेखि नेविसङ्घमार्फत राजनीतिको थालनी गर्दै अब उनले नेतृत्व गर्न सक्ने जिम्मेवारी भनेको त पार्टी अध्यक्ष पद मात्रै हो। पार्टी नेतृत्वमा उनको दाबेदारी स्वाभाविक हो। राप्रपाले त राजेन्द्र लिङ्देनमाथि विश्वास गऱ्यो अब पालो नेपाली काङ्ग्रेसको हो कि उसले पनि नयाँ नेतृत्वमाथि विश्वास गरोस्। राजेन्द्र लिङ्देन युवा हुन् उनको पार्टी राप्रपा अवश्य हो तर उनी पञ्च थिएनन्। नेपाली काङ्ग्रेसभित्र पनि संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्रको कुरा गर्ने एक पक्ष देखिन्छ यस्तो अवस्थामा राजेन्द्र लिङ्देनमाथि मात्रै आरोप लगाउन सकिंदैन। वामपन्थी विचारको विरोध तथा लोकतन्त्र, सामाजिक न्याय एवं समानताको पक्षमा खुलेर वकालत गर्ने प्रकाशमान सिंहलाई नेतृत्वमा ल्याउनु नेपाली काङ्ग्रेसको हितमा हुनेछ। नेपाली काङ्ग्रेसको यस महाधिवेशनको यस दिशामा पनि ध्यान दिनुपर्ने अवस्था छ।

# तीनै तहका निर्वाचन एकैपटक सम्भव कि असम्भव

नारायण न्यौपाने
काठमाडौं, २३ मङ्सिर/रासस

निर्वाचन खर्च घटाउन प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको निर्वाचन एकैचोटि गर्नुपर्छ भन्ने विषय उठे पनि कानूनी, व्यावहारिक, व्यवस्थापन तथा प्राविधिक पाटोसमेतका आधारमा सम्भव नहुने सङ्केत देखिएको छ।

निर्वाचनका नाममा राज्यकोषबाट अधिक खर्च हुने गरेकोले त्यसलाई घटाउन तीन तहकै निर्वाचन एकै चरणमा गर्नुपर्छ भन्ने कोणबाट केही राजनीतिक दलका नेताले मन्तव्य दिए पनि स्वच्छ, स्वतन्त्र, व्यवस्थित र भयरहित वातावरणमा एकै चरणमा निर्वाचन गर्न कानूनलगायत अनेकौं बाधा अड्चन रहने तर्क गरिएको छ।

निर्वाचन आयोगका आयुक्त ईश्वरीप्रसाद पौड्यालले तीन तहको निर्वाचन एकैपटक गर्ने भनी आयोगसँग राजनीतिक दलले औपचारिकरूपमा हालसम्म परामर्श नगरेको प्रतिक्रिया दिए। उनले भने–"आर्थिक, व्यवस्थापन, कानून र प्राविधिक हिसाबले समेत तीन तहकै चुनाव एकैपटक हुन सक्दैन, कुनै पनि हालतमा गर्न सकिन्न, सम्भव छैन भन्ने सोच आयोगले बनाएको छ, सस्तो पनि पर्दैन।"

यस अघि विसं २०७४ मा स्थानीय तहको तीन चरणमा वैशाख ३१, असार १४ र असोज २ गते तथा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सोही वर्ष मङ्सिर १० र २१ गते भएको थियो। संविधानमा स्थानीय तहको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्ष हुने र त्यस्तो कार्यकाल समाप्त भएको छ महीनाभित्र अर्को निर्वाचन सम्पन्न गर्नुपर्छ भन्ने व्यवस्था छ। अर्कोतर्फ स्थानीय निर्वाचन ऐनमा भने कार्यकाल समाप्त हुनुभन्दा दुई महीना पहिले नै हुनेछ भन्ने प्रावधान छ।




स्थानीय तहको कार्यकाल २०७९ जेठ ५ गते सकिने भएकोले त्यसको दुई महीना अघि अर्थात् चैत ५ गतेभित्रै स्थानीय तहको चुनाव गर्नुपर्ने हुन्छ। प्रतिनिधिसभाको कार्यकाल भने निर्वाचन सम्पन्न भई आयोगले राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाएको मिति २०७४ फागुन २ गतेदेखि पाँच वर्षको हुनेछ। त्यस हिसाबले प्रतिनिधिसभाको कार्यकाल २०७९ फागुन २ गतेसम्म हुनेछ।

संसद्को कार्यकालसँग जोडेर सर्वोच्च अदालतबाट भएको पछिल्लो फैसलासमेतका आधारमा कानूनी पाटोबाट तीन तहको निर्वाचन एकै चरणमा गर्न नमिल्ने आयोग पदाधिकारीको बुझाइ छ। मुलुकको भौगोलिक अवस्था तथा हाल तोकिएका मतदान स्थल र केन्द्रमा ११ मतपेटिका तथा सोही अनुसार जनशक्ति व्यवस्थापन गर्न कठिन रहेकाले एकै चरणमा निर्वाचन गर्न नसकिने आयोग स्रोतको भनाइ छ।

स्थानीय तहको मतपत्रमा सात, प्रदेश सदस्यको दुई तथा प्रतितिनिसभाका लागि दुई ठाउँमा मत सङ्केत गर्नुपर्ने भएकोले एकैपटक यसरी धेरै चुनाव चिह्नमा मतदान गर्दा मतदाता अलमलिन गई मत बदर हुन सक्ने पक्षमा पनि आयोग सजग रहेको देखिएको छ। हाल अभ्यास गरिएको मतदानमा बिहान ७ देखि अपराह्न ५ बजेसम्म सरदर एक हजार

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ – उद्योग – वाणिज्य

## थैंक्स गिभिङ अर्थात् खरीद दिवस

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेपालजस्तो मुलुकमा जहाँ उच्च बेरोजगारी छ, जहाँ रोजगारका लागि नागरिकहरू अर्को मुलुकमा जानुपर्ने बाध्यता छ, त्यहाँ राम्रो आम्दानी हुनेहरूले भोलिका दिनका लागि भनेर सञ्चित गर्ने होइन, बढीभन्दा बढी खर्च गर्नु आवश्यक छ।**

संयुक्त राज्य अमेरिकामा मनाइने चाड 'थैंक्स गिभिङ'को प्रमुख उद्देश्य आफ्नो जीवनमा आएका व्यक्तिहरूलाई धन्यवाद ज्ञापन गर्नु हो। यो भने थैंक्स गिभिङको प्रमुख उद्देश्य हो। थैंक्स गिभिङको लामो इतिहास पनि छ। तर यस चाडको दोस्रो, अनि अति महत्त्वपूर्ण उद्देश्य राष्ट्रिय अर्थतन्त्रलाई थप ऊर्जा प्रदान गर्नु हो। राष्ट्रिय अर्थतन्त्रको गति थप गतिवान् बनाउनु हो। यसरी राष्ट्रिय अर्थतन्त्रलाई थैंक्स गिभिङले दौडिन सहयोग गर्ने हुनाले संयुक्त राज्य अमेरिकमा थैंक्स गिभिङको ठूलो आर्थिक महत्त्व छ। र यो कारणले गर्दा पनि यो चाडलाई अमेरिकाभरि जनस्तरमा उच्च प्राथमिकताका साथ मनाउने गरिन्छ। यो चाडको विशेषता के हो भने यो चाड क्रेता र बिक्रेता दुवै पक्षको लगि अति महत्त्वपूर्ण हुने गर्दछ।

थैंक्स गिभिङ कुन दिन मनाउनेबारे अमेरिकी संस्कृतिमा प्रस्टरूपले तोकिएको पाइन्छ। प्रेत्यक नोभेम्बर महीनाको अन्तिम बिहीवार थैंक्स गिभिङ मनाउने गरिन्छ। तारिख फरक पनि पर्न सक्छ। तर दिन भने जहिले पनि बिहीवार नै हुन्छ र प्रत्येक नोभेम्बर महीनाको अन्तिम बिहीवार हुन्छ। यो वर्ष (सन् २०२१ मा) थैंक्स गिभिङ नोभेम्बर महीनाको अन्तिम बिहीवार २५ तारिख परेको थियो।

'थैंक्स गिभिङ' बिहीवार मनाउने गरिन्छ र लगत्तै भोलिपल्ट 'ब्लेक फ्राइड' मनाउने गरिन्छ। ब्लेक फ्राइडेको दिन ठूलो मात्रामा खरीद हुन्छ। उपभोक्ताहरूले त्यस दिन आवश्यकभन्दा गैरआवश्यक वा विलासी एवं अर्ध–विलासी वस्तुहरू (ल्यापटप, सेलफोन, फर्निचर, गहना, आदि) ठूलो परिमाणमा खरीद गर्छन्। अन्य दिनमा आवश्यकताका वस्तु (पानी, खाद्य सामग्री, लुगाफाटो, फलफूल, तरकारी, औषधि आदि) नियमित खरीद गरे तापनि त्यस दिन प्रमुखरूपमा कहिलेकाहीं काम लाग्ने आवश्यकताका वस्तु खरीद गर्छन्। र यस आसमा खरीद गर्छन् कि त्यस दिन बिक्रेताहरूले भारी छुटका साथ वस्तु बिक्रीका लागि अनेक प्रचार र खरीद उत्प्रेरणासहित बजारमा ल्याएका हुन्छ। त्यस दिन बिक्रेताहरूले आफूसँग भएका सामग्री भारी छुटका साथ, सस्तोमा बिक्री गर्छन्। त्यस दिन बिक्रेताहरूले आफूसँग भएका सामग्रीहरू सीमित सङ्ख्यामा तर बजार मूल्यभन्दा ज्यादै कम पारेर बिक्री गर्छन्। जस्तै १०० डलरको सामना ४० डलरमा पनि बिक्री गर्न सक्छन्। बिक्रेताहरूले यति कम मूल्यमा, तर सीमित सङ्ख्यामा वस्तुहरू बिक्री गर्ने हुनाले त्यस दिन क्रेताहरू आफूले खोजेको सामान पाइने पसल अगाडि बिहान ३–४ बजेदेखि नै लाइनमा बस्छन्। पहिले स्टोर पुग्नेले त्यो सस्तो सामान खरीद गर्न पाउँछ भन्ने आशामा खरीदकर्ताहरू घण्टौं लाइनमा बस्छ। कतिपयले सस्तो मात्र होइन, रहरले पनि त्यस दिन सामान खरीद गर्छन् र माथि भनिएझैं खरीदका लागि रातभरि पनि लाइनमा बस्छन्। रमाइलोका लागि पनि त्यस्तो गर्छन्।

यसरी यो चाडले वा खरीद दिवस (थैंक्स गिभिङ) ले उपभोक्ताहरूलाई मनोरञ्जन पनि दिने गर्दछ।

बिक्रेताहरूले पनि ठूलो प्रचार एवं तयारीका साथ थैंक्सगिभिङका दिन ठूलो परिमाणमा वस्तु बिक्री गर्ने लक्ष्य राखेका हुन्छन्। र बिक्री गर्न सफल हुन्छन् पनि। कतिपय क्रेताहरू आफूले खोजेको सामान सस्तोमा खरीद गर्न थैंक्स गिभिङ दिन महीनौंदेखि कुरेका हुन्छन्।

कुनै पनि राष्ट्रको अर्थ व्यवस्थालाई खरीदले कसरी महत्त्वपूर्ण प्रभाव पार्छ अब त्यसबारे चर्चा गरौं। ठूलो परिमाणमा गरिने खरीदले कसरी थप रोजगार सृजना गर्छ र राष्ट्रिय बेरोजगारी कसरी कम पार्छ अब त्यसबारे चर्चा गरौं।

खरीद र राष्ट्रिय आर्थिक समृद्धिबीच नङ र मासुको सम्बन्ध हुन्छ। कसरी? यदि उपभोक्ताले खरीद नगर्ने हो र प्राप्त आय बचत गर्ने हो भने बजारमा थप सामान बिक्री हुँदैन। अर्थात् बजारमा केवल दैनिक आवश्यक्ताको वस्तु बिक्री हुन्छ। जसले गर्दा रोजगारको थप अवसर सृजना हुँदैन। दैनिक आवश्यकतालगायत अर्ध–विलासी एवं विलासी वस्तुहरू उपभोक्ताहरूले ठूलो परिमाणमा (ऋण गरेर होइन आफूसँ भएको बचतबाट) खरीद गरेमा थप उत्पादन हुन्छ। थप उत्पादन भएमा उत्पादन व्यवस्थामा थप व्यक्ति संलग्न हुन्छन्। थप व्यक्तिले रोजगार पाउँछन्। बिक्री एवं वितरण व्यवस्थामा रहेका व्यक्तिहरू (बिक्रेता, सवारीचालक, व्यवस्थापक आदि) ले रोजगार पाउँछन् र यसरी चौतर्फी रोजगार सृजनन भएर धेरै मानिसको हातमा आम्दानी पुग्छ र विभिन व्यक्तिले आफ्नो परिवारको भरणपोषण सहज किसिमले गर्न सक्छन्। खरीदको महत्त्व यस्तो हुने भएकोले नै अमेरिकी सङ्घीय सरकारले राष्ट्र अर्थतन्त्रमा समस्या उत्पन्न भएको बेला राष्ट्रिय अर्थतन्त्रलाई गति दिन जनता माझ पैसा बाँड्ने गर्दछ। र त्यसरी बाँडिएको पैसाले उपभोक्ताले सामान खरीद गरोस् भन्ने अपेक्षा गरेको हुन्छ। गएका वर्षहरू– सन् २०१९ र २०२० मा पनि अमरिकाको सङ्घीय सरकारले जनतालाई राहतस्वरूप फिर्ता नगर्नुपर्नेगरी रकम उपलब्ध गराएको थियो। र त्यसरी उपलब्ध रकमले कोडिड १९ बाट कुप्रभावित भएको राष्ट्रिय अर्थतन्त्रले केही त्राण पाएको थियो। राष्ट्रिय अर्थतन्त्रमा सङ्कट उत्पन्न भएको समयमा खरीद कार्यलाई प्रोत्साहन दिन अमेरिकी सङ्घीय सरकारले जनतामाझ बेलाबेलामा पैसा बाँड्ने एउटा परम्परा नै छ। आर्थिक नीति नै बनाएको छ। त्यसरी बाँडिने पैसाले अमेरिकी अर्थ व्यवस्थामा सकारात्मक प्रभाव परेको देखिएको छ।

दक्षिण एशियाका देशहरूमा भने सकेसम्म बचत गर्ने, आम्दानी राम्रो हुनेहरूले पनि सकेसम्म खर्च नगर्ने चलन छ। बरु जाडोमा कठ्याङ्ग्रिएर दुःख सहने; कमाएको रकम छोरा, नातीका लागि सञ्चित गर्ने परम्परा छ। यस परम्पराले आउने पीढीलाई अल्छी त बनाउँछ नै, साथै राष्ट्रिय अर्थतन्त्रलाई गति पनि दिंदैन। दक्षिण एशियाका नागरिकले मात्र होइन, सरकारले पनि यस तथ्यलाई हृदयङ्गम गरेको पाइँदैन। हुनेखाने व्यक्तिले पनि खर्च गर्दा उसलाई समाजले 'फुटानी गर्छ' भन्ने चलन छ। खरीद नै नगर्ने हो र सकेसम्म बचत गर्ने हो भने राष्ट्रिय अर्थतन्त्रले गति पाउँदैन भन्ने कुरा सर्वविदित छ। नेपालमा जमीनदारी प्रथा हुँदा यस्तै भएको थियो किनभने जमीनदारहरू आवश्यकभन्दा बढी सामान खरीद गर्नुको सट्टा बढीभन्दा बढी जग्गा खरीद गर्दथे। जनताको हातमा कम आम्दानी हुने वातावरण सृजना गर्थे। यो कारणले गर्दा पनि जमीनदारी प्रथा भएको बेला गरीबी झन् बढेर गएको थियो, खासगरी नेपाल र भारतमा।

खरीदको यस्तो महत्त्व हुनेहुँदा नै थैंक्सगिभिङको भोलपल्ट, शुक्रवारलाई 'ब्लेक फ्राइडे' नाम दिएर त्यस दिन ठूलो परिमाणमा सामान खरीद बिक्री गर्ने गरिन्छ।

अहिले अमेरिकामा 'इ कमर्स (e–commerce) ले ज्यादै महत्त्व पाएको वा भनौं ठूलो सङ्ख्यामा व्यक्तिहरूले अनलाइन सामान खरीद गर्न थालेकाले 'साइबर मन्डे' पनि मनाउन थालिएको छ। थैंक्सगिभिङको लगत्तै आउने सोमवारलाई 'साइबर मन्डे' भन्ने गरिन्छ। यस दिन पनि ठूलो परिमाणमा अनलाइन खरीद–बिक्री हुन्छ। साइबर मन्डेका दिन पनि अनलाइन बिक्रेताहरूले ठूलो छुटका साथ, अनेका प्रचारका साथ, अनेक उत्प्रेरणाका साथ, वस्तुहरू बिक्री गर्ने व्यापक घोषणा गरेका हुन्छन्। क्रेताहरूले पनि ठूलो परिमाणमा यस दिन सामान खरीद गर्छन्। इबे, अमेजन जस्ता विशाल अनलाइन बिक्रेताहरूले ठूलो परिमाणमा बिक्री गर्छन्।

बिक्रीलाई यति महत्त्व दिएर, बिक्रीलाई चाड मानेर, क्रेताहरूलाई सामाजिक एवं सरकारी नीति अनुरूप खरीद गर्न अति प्रेरित गरिएको सम्भवतः अमेरिकामा नै होला। अर्थात् अमेरिकामा खरीद–कार्य पनि खरीद उत्सवको रूपमा मनाउने गरिन्छ।

खरीद उत्सव अर्थात् थैंक्सगिभिङमा गरिने खरीद कार्य, हेर्दा सामान्य देखिए पनि यसको राष्ट्रिय अर्थतन्त्रमा ठूलो प्रभाव पर्दछ। हेर्दा सामान्य देखिने तर प्रकृति अनुसार ठूलो महत्त्व राख्ने कार्यहरू गरेर नै अमेरिका विश्वमा एक नम्बर आर्थिक महाशक्ति हुन पुगेको सहजै अनुमान गर्न सकिन्छ।

जसरी कुनै पनि सवारी साधन (ट्रक, बस, रेल, हवाइजहाज, पानीजहाज) लाई गति दिने कार्य इन्धनले गर्छ, त्यसैगरी राष्ट्रिय अर्थतन्त्रलाई गति दिने कार्य खरीदले गर्छ। नेपालजस्तो मुलुकमा जहाँ उच्च बेरोजगारी छ, जहाँ रोजगारका लागि नागरिकहरू अर्को मुलुकमा जानुपर्ने बाध्यता छ, त्यहाँ राम्रो आम्दानी हुनेहरूले भोलिका दिनका लागि भनेर सञ्चित गर्ने होइन, बढीभन्दा बढी खर्च गर्नु आवश्यक छ।

नागरिकहरूले बढीभन्दा बढी खर्च गर्नका लागि, नेपालको सन्दर्भमा एउटा शर्त भने अवश्य छ। त्यो के भने नेपालमा नै अनेक किसिमका वस्तुहरू उत्पादन गर्नुपर्छ। नेपाली वस्तु मात्र ठूलो परिमाणमा बिक्री हुने बाध्यात्मक अवस्था सृजना गर्नुपर्छ। तर यस्तो नगरेर अनेक राष्ट्र (चीन, भारत) बाट ठूलो परिमाणमा सामानहरू आयात गर्ने हो र ती आयातित सामाग्री मात्र ठूलो परिमाणमा खरीद गर्ने हो भने बालुबामा पानी खन्याएसरह हुनेछ। यस्तो स्थितिले, यस्तो खरीदले, नेपालको अर्थतन्त्रलाई उँभो होइन, उँधो लगाउने छ। नेपालको गरीबी अझै विस्तार हुनेछ।

## कृषिका लागि सहुलियतमा

# झिकाइएको युरिया मलको दुरूपयोग

काठमाडौं, २३ मङ्सिर/रासस

मुलुकमा कृषि उत्पादन बढाउन सरकारले भारी सहुलियत दिएर झिकाएको रासायनिक मलको ठूलै हिस्सा अन्य व्यापारिक प्रयोजनमा दुरूपयोग भएको आशङ्का गरिएको छ।

राष्ट्रियसभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको बुधवार बसेको बैठकमा मुलुकमा झन्डै ८० को सङ्ख्यामा रहेका प्लाइउड उद्योगले टाँस्ने प्रयोजनका लागि त्यस्तो मल प्रयोग गरिरहेको जानकारी दिइयो। समितिमा वीरगंज सुक्खा बन्दरगाहमा डेढ वर्षदेखि असरल्ल रहेको करीब डेढ लाख बोरा रासायनिक मलको सदुपयोग र व्यवस्थापन कसरी गर्ने भन्नेबारे सरोकारवालासँग अन्तर्क्रिया गर्ने क्रममा उक्त विषय बाहिर आएको हो।



तस्वीरः फाइल

मुलुकमा कृषिका लागि सरकारी माध्यमबाट वार्षिक करीब पाँच लाख टन मल आयात गरिँदै आएको छ। त्यसरी आयात गरिएको डिएपी र युरिया मलमध्ये युरियाको करीब १० प्रतिशत मल प्लाइउड कारखानामा खपत हुने आशङ्का गरिएको छ।

यद्यपि ती उद्योगले स्थापनाका लागि स्वीकृत लिने क्रममा रेजिन नामक रासायनिक प्रयोग गर्ने भने पनि अधिकांशले युरिया मल नै प्रयोग गर्ने गरेको पाइएको छ।

सरकारले रसायनिक मलमा प्रतिकिलो रु ७४ सम्म किसानलाई सहुलियत प्रदान गर्दै आएको छ। मुलुकमा प्रायः बालीनालीका लागि समयमा मल अभाव हुँदै आएको छ।

किसानका लागि ठूलो अनुदान छुटमा ल्याइएको मल व्यापारिक प्रयोजनका लागि उद्योगमा प्रयोग हुनुले सहुलियत दुरूपयोग भएको छ। पछिल्लो समय अन्तर्राष्ट्रिय जगत्मा रासायनिक मलको मूल्य निकै बढेको छ। कच्चा पदार्थको अभावमा मूल्य बढेकोले मल ल्याउन पनि निकै चुनौती रहेको कृषि तथा पशुपन्छी मन्त्रालय, साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र कृषि सामग्री संस्थानले जनाएको छ।

मुलुकमा रासायनिक मल आयातमा समस्या भइरहेका बेला सरकारी संयन्त्रबीच तालमेल नहुँदा वीरगंज सुक्खा बन्दरगाहमा डेढ वर्षदेखि घाम/पानीबाट नजोगाइएको डेढ लाख बोरा मल छाल्लब्याल्ल र असरल्ल अवस्थामा रहेको छ। उक्त मल व्यवस्थापन गर्ने सन्दर्भमा सरोकारवाला निकायबीच ४० पटक पत्राचार भए पनि त्यसको निकास दिन नसकिएको घटना संसदीय समितिलाई सुनाइएको छ।

समितिले ठूलो परिमाणमा रहेको उक्त मलसम्बन्धी विषयलाई समाधान दिने गरी छिटो टुङ्ग्याउन तत्तत् मन्त्रालय र निकायसँग गम्भीर छलफल अघि बढाएको समितिका सभापति रामनारायण बिडारीले जानकारी दिए।

# सिटिजेन्स बैंकका सेवाग्राहीलाई हस्पिटलमा उपचार छुट

प्रस, वीरगंज, २३ मङ्सिर/

वीरगंज महानगरपालिका–१४ बहुअरीस्थित स्पर्श मल्टी स्पेशलिटी हस्पिटल र सिटिजेन्स बैंक इन्टरनेशनल प्राइभेट लिमिटेड वीरगंज शाखाबीच बिहीवार सम्झौता भएको छ।

सिटिजेन्स बैंक इन्टरनेशनल प्राइभेट लिमिटेड वीरगंज शाखामा खाता रहेका सेवाग्राहीले अब स्पर्श मल्टी हस्पिटलमा उपचार गराउँदा विभिन्न चेकचाँच र उपचारमा छुट दिनेबारे सम्झौता भएको सो बैंकले जनाएको छ।

अस्पताल कार्यालयमा भएको सम्झौतामा बैंकका तर्फबाट सिटिजेन्स बैंकका प्रदेश २ दिवस सिंह ठकुरी,



तस्वीरः सौजन्य

वीरगंज शाखा प्रमुख सन्नी खतिवडा र हस्पिटलका तर्फबाट कार्यकारी निर्देशक डा निमेश पाल साथै हस्पिटलका व्यवस्थापक सन्तोष शर्माले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्।

उक्त बैंकका सेवाग्राहीले सो अस्पतालमा उपचार गराए विभिन्न चेकजाँच एवं उपचारमा १० प्रतिशत देखि २५ प्रतिशतसम्म छुट पाउने सम्झौता भएको बैंकका वीरगंज शाखा प्रमुख सन्नी खतिवडाले जानकारी दिए। सम्झौता अनुसार ओपिडि टिकटमा १० प्रतिशत, ल्याब चेकजाँचमा १० प्रतिशत, बेड चार्जमा १५ प्रतिशत, नर्सिङ केयरमा २५ प्रतिशत र निवारण स्वास्थ्य जाँच १० प्रतिशतसम्म छुट हुने उनले बताए। उक्त सम्झौताआजदेखि नै लागू भएको अस्पतालले जनाएको छ।

सिटिजेन्स बैंक ईन्टरनेशनल प्रा लि वीरगज शाखामा २५ हजारभन्दा बढी सक्रिय सेवाग्राही छन्।

# ६ निर्माण कम्पनी कालोसूचीमा

काठमाडौं, २३ मङ्सिर/रासस

सरकारले छ निर्माण कम्पनीलाई कालोसूचीमा राखेको छ। सार्वजनिक खरीद अनुगमन कार्यालयको बुधवार बसेको बैठकले बिहीवारदेखि लागू हुनेगरी छ निर्माण कम्पनीलाई तीन वर्षदेखि एक वर्षका लागि कालोसूचीमा राख्ने निर्णय गरेको कार्यालयद्वारा आज जारी सूचनामा उल्लेख छ।

कालोसूचीमा परेको कम्पनीमा काठमाडौंका नीलगिरि निर्माण सेवा, एलिट कन्स्ट्रक्शन कम्पनी, च्याङ्ग्रासी निर्माण सेवा, एसएसएम कन्स्ट्रक्शन प्रालि र बाँकेका त्रिदेव निर्माण सेवा तथा एसएनसी निर्माण सेवा प्रालि रहेका छन्। सम्झौता अनुसार निर्माण सम्पन्न नगरेकाका कारण सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम ती कम्पनीलाई कालोसूचीमा राखिएको कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार सडक डिभिजन कार्यालय, लहानको सिफारिशमा नीलगिरि निर्माण सेवालाई तीन वर्षका लागि कालोसूचीमा राखिएको छ। त्यस्तै, सर्लाहीको चन्द्रनगर गाउँपालिकाको सिफारिशमा एलिट कन्स्ट्रक्शन कम्पनी तथा तारकेश्वर नगरपालिका, काठमाडौंको सिफारिशमा च्याङ्ग्रासी निर्माण सेवालाई दुई/दुई वर्षका लागि कालोसूचीमा राखिएको छ। यसैगरी, एसएसएम कन्स्ट्रक्शन प्रालि, त्रिदेव निर्माण सेवा र एसएनसी निर्माण सेवा प्रालिलाई एक/एक वर्षका लागि कालोसूचीमा राखिएको सो कार्यालयले जनाएको छ।

ती कम्पनीले कालोसूची अवधिभर सरकारी निकायको कुनै पनि खरीद तथा निर्माणका कार्यमा भाग लिन पाउनेछैनन्। कालोसूचीमा राख्नुभन्दा अगाडि सम्झौता भएका कार्यले भने निरन्तरता पाउने कार्यालयले जनाएको छ।

# भन्सार छलीका सामान राजस्व अनुसन्धान चलान

प्रस, वीरगंज, २३ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, पर्साले भन्सार छलीका सामानसहित एउटा ट्रक नियन्त्रणमा लिएर राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरेको छ।

जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले मङ्सिर २२ गते राति पौने १२ बजे घण्टाघरबाट नियन्त्रणमा लिएको ना.३ख २२९ नम्बरको ट्रक चेकजाँच गर्दा सोबाट भन्सार छलीका लत्ताकपडा, खुद्रा मालसामान बरामद भएको बताए। उनले बरामद मालसामान, ट्रक र सोका चालक जीतपुरसिमरा उपमहानगरपालिका–९ बस्ने सागर रायसमेतलाई राजस्व कार्यालय चलान गरिएको बताए।

प्रवक्ता खनालले सूचनाका आधारमा वीरगंजबाट सो ट्रक भन्सार छलीका सामान बोकेर पोखरातर्फ हिंडेको थाहा पाएपछि प्रहरीले सोबारे छानबीन गरेको बताए।

# विकासको बाधकः सार्वजनिक खरीद ऐन

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**विकासमा राजनीति, कानून कार्यान्वयनमा उदासीनता र पक्षपात एवं गलत काम गर्नेले संरक्षण र प्रोत्साहन पाइरहेसम्म एउटा क्षेत्रमा एउटा निकायले गर्ने सुधार वा तत्काललाई हेरेर खरीद ऐनमा संशोधन गर्दैमा ठोस परिणाम नआउन सक्छ।**

प्रतिस्पर्धा, स्वच्छता, इमानदारी, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गरी सार्वजनिक स्रोत र साधनको मितव्ययी, प्रभावकारी तथा विवेकपूर्ण परिचालन गरेर लागत अनुसार अधिकतम प्रतिफल हासिल गर्नु सार्वजनिक खरीद ऐनको मुख्य उद्देश्य हो। सार्वजनिक निकायको खरीद व्यवस्थापन क्षमता अभिवृद्धि गरी उत्पादक, बिक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई विनाभेदभाव सार्वजनिक खरीद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति दिलाउने उद्देश्यका साथ सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ कार्यान्वयनमा ल्याइएको छ। ऐनले सार्वजनिक निर्माण, मालसामान खरीद र ढुवानी, परामर्श सेवा, भाडा वा पट्टा, राशन सामग्री खरीद, मरम्मतसम्भार र अन्य सेवा प्राप्त गर्ने जस्ता सार्वजनिक खरीदका विभिन्न आयामको सम्बन्धमा उल्लेख गर्दै सार्वजनिक निकायले जुनसुकै अवस्थामा यस्ता कार्य गर्दा खरीद ऐन र नियमावली अनुसार कार्यविधि पूरा गर्नुपर्ने व्यवस्था छ।

**खरीद ऐनका मुख्य समस्या**

सार्वजनिक खरीदको अहिलेको प्रमुख समस्या भनेको नै ऐन नतीजामुखी नभएर प्रक्रिया केन्द्रित हुनु हो। नतीजा जस्तोसुकै आओस्, प्रक्रिया पूरा गरेकै हुनुपर्ने मान्यता रहेको देखिन्छ। कानून छोटो र सरल बनाउनुपर्नेमा अत्यन्त लामो र प्रक्रियामुखी रहेको देखिन्छ। अझ नियमावलीमा अत्यन्त लामा प्रक्रियागत विषय समावेश गरिएका छन्। ठेक्का सम्झौताको प्रावधान र शर्त अनुरूप निर्णय लिनुपर्ने तथा गरिनुपर्ने विषयसमेत नियमावलीमा समावेश गरिएका छन्। ऐनदेखि नियामक निकायले जसरी पनि सार्वजनिक खरीद पैसामा सस्तो हुनैपर्ने विषयलाई जोड गरेको देखिन्छ। बजारमा उपलब्ध गुणस्तरीय सामान तथा सेवा खरीद गर्नै नसकिने किसिमको व्यवस्था राखिएको छ। विद्युतीय खरीद प्रणाली प्रयोगमा ल्याइए पनि पूर्णरूपमा यसको उपयोग गर्न नसक्नु अहिलेको अर्को समस्या हो। निर्माण व्यवसायी तथा परामर्शदाताको योग्यता, अनुभवदेखि क्षमतासम्मका सम्पूर्ण विवरण, आयोजनाको अनुगमन तथा मूल्याङ्कनसम्मका कार्यमा डिजिटल प्रविधि प्रयोग अनिवार्य गर्न सकिए धेरै समस्या स्वतः हटेर जाने देखिन्छ।

सार्वजनिक खरीद ऐन अनुसार ठेक्का लगाउँदा सबभन्दा कम रकम कबोल गर्ने कम्पनीलाई दिनुपर्छ। ठेक्कामा अपव्यय नहोस् भन्ने उद्देश्यले ऐनमा यस्तो व्यवस्था गरिएको हो। ०६३ साल अघि अनुमानितभन्दा ३० प्रतिशत वा सोभन्दा घटेर ठेक्का कबोल भए सो ठेकेदारको बोलपत्रको मूल्याङ्कन नै हुँदैनथ्यो। तर, आयोजनाका अधिकारीहरूले बोलपत्र आह्वान भएपछि अनुमानित रकमको सूचना ठेकेदारलाई मिलेमतोमा दिने गरेको पाइएको थियो। भौतिक पूर्वाधार मन्त्रालयका अनुसार त्यति बेला धेरैजसो ठेक्कामा २९.९९ प्रतिशत रकम राखेर बोलपत्रहरू पर्ने गरेका थिए, जसले ठेकेदार-कर्मचारी साठगाँठ बढेको देखाएको थियो। ठेक्का अघि नै साठगाँठ हुँदा प्रतिस्पर्धा रोकिएको भन्दै कतिपय ठेकेदारहरूले चर्को विरोध गरेपछि ३० प्रतिशतसम्म मात्रै कम रकममा जान पाइने सीमा ऐनबाट हटाइएको थियो। त्यो सीमा हटेपछि ठेकदारहरूले अनुमानभन्दा ७० प्रतिशतसम्म कममा ठेक्का हात पार्दैछन्। अनुमानित लागतभन्दा १०–१५ प्रतिशतसम्म कममा ठेक्का लाग्दा आयोजना प्रभावकारी हुने मानिने गरेकोमा ७० प्रतिशतसम्म घटेर ठेक्का लिने प्रवृत्ति बढेको देखिन्छ। सम्बन्धित सरकारी अधिकारीहरू 'कानून अनुसार' भन्दै जति कम भए पनि न्यूनतम कबोल भएको बोलपत्र स्वीकृत गर्छन्।

त्यस्तै सार्वजनिक निकायमा सदाचारिता, आर्थिक अनुशासन र सुशासनको कमी हो भने निर्माण व्यवसायी र परामर्शदातामा व्यावसायिकता र जिम्मेवारीपनाको कमी पनि हो। अख्तियार दुरूपयोग गर्ने तथा अख्तियार सदुपयोग नगर्ने दुवै परिपाटी मौलाउँदै जानु पनि अहिले सार्वजनिक खरीदमा देखिएका प्रमुख समस्या हुन्। आयोजना प्रमुखलाई निर्माण कार्यमा जिम्मेवार बनाउन खोजिए पनि अधिकार सहितको जिम्मेवारी भने कमै प्रदान गरिएको छ। नेतृत्व परीक्षण, व्यवस्थापन परीक्षण गरेर मात्र आयोजना प्रमुख बनाउने र उसलाई अधिकार सम्पन्न बनाउनेगरी कानूनी व्यवस्था रहेको देखिंदैन। यसका साथै काम नगर्ने, नगराउने निर्माण व्यवसायीले लिने राजनीतिक संरक्षण र राजनीतिकर्मीले सार्वजनिक निकायमा रहने पदाधिकारीलाई दिने दबाब पनि अर्को मूल समस्या हो। कर्मचारीले राजनीतिक नेतृत्वबाट असल मनसायका साथ गरिएका कार्यहरूको स्वामित्व र संरक्षण चाहेका हुन्छन् तर व्यवसायीको दबाबमा परेर कर्मचारीको मनोबल कमजोर बनाउने प्रयत्न राजनीतिक वृत्तबाट हुने गरेको पाइन्छ।

**अनुगमनको अभाव**

कानूनले सार्वजनिक निकायबाट हुने खरीद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरीद प्रणालीलाई व्यवस्थित गर्ने जिम्मेवारी सार्वजनिक खरीद अनुगमन कार्यालयलाई प्रदान गरेको छ। तर सो निकायले स्थिर प्रशासनिक नेतृत्व नपाउँदा वा उच्च प्रशासकले सो कार्यालयलाई नरुचाउनुले पनि ऐनले तोके अनुसारको जिम्मेवारी कमै पूरा गरेको देखिन्छ। यसका साथै विभिन्न मन्त्रालय, विभाग र कार्यालयमा पटकपटक हुने प्रशासनिक नेतृत्वको परिवर्तनले पनि समस्या उत्पन्न हुने गरेको छ। निर्माण व्यवसायीहरू करार सम्झौता बमोजिम कानूनी उपचार नखोजी सीधै अदालत जाने र सम्मानित अदालतबाट हुने निषेधाज्ञा, अल्पकालीन, अन्तरिम आदेश, पेशी तोक्न लामो समय लाग्नेजस्ता कारणले निर्माण व्यवसायीलाई गरिने कारबाही तथा खरीद तथा ठेक्का व्यवस्थापनको प्रक्रिया लामो र झन्झटिलो बन्ने गरेको छ।

**प्राविधिक पक्षको उपेक्षा**

सार्वजनिक खरीद ऐनमा ठेक्का अघि कम्पनीको प्राविधिक क्षमता हेर्ने भनिएको छ, तर बोलपत्रमा त्यो मागिदैन। खरीद अनुगमन कार्यालयले ठेक्का फारममा ठेकेदारले आफ्नो क्षमता खुलाउनुपर्ने व्यवस्था गरेको हुँदैन। यसले गर्दा कम मूल्य कबोल गर्नेलाई ठेक्का दिनैपर्ने अवस्था रहेको बताइएको छ।

**कसरी हुन्छ मिलेमतो ?**

पछिल्लो समयमा ऐनकै व्यवस्थामा टेकेर प्रतिस्पर्धा सीमित गर्ने गरी मिलेमतो गर्ने धन्दा मौलाएको छ। सिन्डिकेटवाला ठेकदारहरूले कर्मचारीतन्त्र र राजनीतिक नेतृत्वलाई 'खुशी' पारेर प्रतिस्पर्धा नै नहुने अवस्था सिर्जना गरी अर्बौंको ठेक्का हत्याउने गरेको सार्वजनिक खरीद अनुगमन कार्यालयको निष्कर्ष छ। यसबाट मध्यम पूँजी भएका ठेकदारहरूलाई रोकेर स्वच्छ प्रतिस्पर्धा हुन नदिने र आफ्नो अनुकूलतामा ठेक्का लिएर राज्यलाई अर्बौं घाटा लगाउने धन्दा मौलाएको छ। कुनै आयोजना तयार गर्दा ससाना र फरकफरक प्रकृतिका कामको एउटै प्याकेज बनाउने काम कर्मचारी र राजनीतिक नेतृत्वको मिलेमतोबाट हुन्छ। 'प्याकेज' बनाएर ठूलो रकमको बोलपत्र आह्वान गर्दा ठूला ठेकदारलाई मात्रै लाभ मिलिरहेको छ। ठूलो ठेक्कामा टेन्डर हाल्न मझौला कम्पनीको वार्षिक कारोबार रकम नै पुग्दैन। अनुभव पनि तिनलाई पन्छाउनेगरी नै तय गरिएको हुन्छ। अनुगमन कार्यालयको वार्षिक प्रतिवेदनले यो विषय पनि उजागर गरेको छ। 'लो बिडर' लाई ठेक्का दिंदा वर्षौं काम नहुने अवस्था देखाएर धेरैवटा काम मिलाएर प्याकेज बनाइन्छ। प्याकेज यस्तो बनाइन्छ कि सीमित कम्पनी मात्र बोलपत्र हाल्न योग्य हुन्छन्। त्यसपछि ती 'योग्य' कम्पनीहरू मिलेर भागबन्डामा ठेक्का हाल्छन्। केहीले लागत अनुमानभन्दा केही कम र केहीले बढी पारेर टेन्डर हालेका हुन्छन्। उनीहरूले सबै आयोजनाका प्याकेजमा टेन्डर हाले पनि एक वा दुईवटाले मात्र ठेक्का पाउँदैनन्। प्रायः सबैले कुनै ठेक्का पाउनुले मिलेमतो पुष्टि हुन्छ। साना निर्माण व्यवसायीहरूले यस्तो सिन्डिकेट तोड्नेगरी ऐन संशोधनको मुद्दा उठाएका छन्।

**नियमावली संशोधन भएपनि विकासको गति उस्तै**

सरकारले हालै सार्वजनिक खरीद नियमावली संशोधन गरेर केही व्यवस्था सच्याएको छ। अब भ्रष्टाचार मुद्दा दायर भएका कम्पनीले ठेक्का लिन पाउने छैनन्। यस अघि अभियोग ठहर भएपछि मात्रै ठेक्का लिन नपाउने व्यवस्था थियो। संशोधित नियमावलीले ठेकदारलाई असीमित ठेक्का दिनबाट रोक्ने प्रयास गरेको छ। अब कम्पनीको आर्थिक क्षमता अनुसार मात्रै आयोजनामा ठेक्का दिने व्यवस्था गरिएको छ। ठेकेदारले ५ आर्थिक वर्षको औसत कारोबार रकमको बढीमा चार गुणा रकमसम्मको मात्र ठेक्का लिन सक्नेछ। अब विदेशी बोलपत्रदाताले कबोल गरेभन्दा ५ प्रतिशतसम्म महँगो भएको अवस्थामा स्वदेशी ठेकेदारको बोलपत्र स्वीकृत गर्ने व्यवस्था पनि गरिएको छ। यसले स्वदेशी कम्पनीले ५ प्रतिशतसम्म महँगो रकम कबोल गरे पनि ठेक्का हात पर्न सक्नेछन्। ठेक्कामा हुने सिन्डिकेट हटाउन रु दुई करोडदेखि दुई अर्बसम्म लागतका आयोजनामा स्वदेशी ठेकेदारलाई मात्रै प्रतिस्पर्धा गराउन सकिने छ। यस अघि यो सीमा रु एक अर्ब थियो। नियमावलीले शुरू सम्झौताको ५० प्रतिशतभन्दा बढी हुनेगरी म्याद थप्न रोकेको छ। अर्थात् दुई वर्षको अवधि भएका आयोजनामा अब तीन वर्षभन्दा बढी समय लगाउन पाइने छैन।

विकासमा राजनीति, कानून कार्यान्वयनमा उदासीनता र पक्षपात एवं गलत काम गर्नेले संरक्षण र प्रोत्साहन पाइरहेसम्म एउटा क्षेत्रमा एउटा निकायले गर्ने सुधार वा तत्काललाई हेरेर खरीद ऐनमा संशोधन गर्दैमा ठोस परिणाम नआउन सक्छ। सुधार एउटा निरन्तर प्रक्रिया भएकोले ऐनमा गर्न लागिएको संशोधनलाई सकारात्मकरूपमा नै लिनुपर्दछ। सार्वजनिक निकायमा कार्यरत कर्मचारीलाई उत्प्रेरणा, निर्णय क्षमतामा विकास, कार्य सम्पादननिहित मौद्रिक तथा गैरमौद्रिक सुविधा, डिजिटल प्रविधिको अधिकतम प्रयोग, निर्माण व्यवसायीको क्षमता विकास, काम नगर्नेलाई कारबाही तथा काम गर्नेलाई पुरस्कारजस्तो व्यवस्था गर्न सकिए सार्वजनिक खरीदमा देखिएको समस्यामा धेरै सुधार गर्न सकिन्छ। यसरी ऐनमा देखिएका प्रक्रियागत, व्यवस्थापकीय, संरचनागतलगायत समस्याको सूक्ष्म अध्ययन र विश्लेषण गरी नतीजामूलक सार्वजनिक खरीदलाई केन्द्रमा राखेर सुधारको प्रयास गर्नु आजको आवश्यकता हो।



पर्साको ठोरी गाउँपालिका -३, सिकारीबासका प्राथमिक तहमा अध्ययनरत स्कुले बालकहरु विहीवार साँझ काठको चक्कामा दाउरा ओसार्दै। विजुली र खाना पकाउने ग्याँससम्म यहाँका बासिन्दाको पहुँच नरहेकाले प्रया सबै बालबालिकाहरु विद्यालय समय बाहेक काठको चक्कामा दाउरा ओसार्ने गर्छन्। तस्वीरः माधव तिमिल्सिना

## पोखरिया–लङ्गडी सडकखण्ड....

भैरहेको छ।

यसअघि यो सडक खण्डको काम केहि दिनका लागि रोकिएको थियो। तर अहिले पुनः सुचारु गरिएको ठेकदार तथा प्रदेशसभा सदस्य सिंहासनप्रसाद कलवारले बताए। उनले पहिलोचरणमा पोखरियादेखी हरिहरपुरसम्म कालोपत्र गर्ने योजना रहेको र सोहीअनुरुप काम शुरु गरिएको बताए। ठेकदार कलवारले जाडोयाममा कालोपत्रको काम गुणास्तरिय नहुने भएकोले दोश्रोचरणको काम जाडोयामपछि शुरु हुने बताए। उनले साइड क्लियर नभएकोले सडकखण्डको काम ढिला भएपनि चालु आवमा काम पुरा गर्ने बताएका छन। ठेकदार कलवारले भने-साइड क्लियर भैसकेको छ अब काममा ढिला हुँदैन र यसैवर्षमा काम सम्पन्न गरिन्छ।

# काङ्ग्रेस केन्द्रीय समिति बैठक सम्पन्न, तीनवटा प्रस्ताव पारित

काठमाडौं, २३ मङ्सिर/रासस

नेपाली काङ्ग्रेस केन्द्रीय कार्यसमितिको बिहीवार बसेको बैठकले भोलि शुक्रवारदेखि शुरू हुन लागेको काङ्ग्रेसको १४औं महाधिवेशनमा पेश गरिने तीनवटा प्रतिवेदन पारित गरेको छ।

बैठकले महामन्त्रीको साङ्गठनिक प्रतिवेदन, कोषाध्यक्षको लेखासम्बन्धी प्रतिवेदन र नीति तथा अनुसन्धानसम्बन्धी प्रतिवेदनलाई पारित गरेको हो।

बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिंदै पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले पार्टीको महासमिति बैठकपछि विधान सम्बन्धमा जति पनि निर्णय भएका छन्। तिनलाई पनि केन्द्रीय कार्यसमितिबाट अनुमोदन गर्ने निर्णय भएको जानकारी दिए।

बैठकमा शुक्रवारदेखि शुरू हुने पार्टीको महाधिवेशनको तयारीलगायत विषयमा छलफल भएको जानकारी प्रवक्ता शर्माले दिए। प्रवक्ता शर्माले महाधिवेशनमा भारतीय जनता पार्टी र काङ्ग्रेस आईका प्रतिनिधि अतिथिका रूपमा सहभागी हुने निश्चित भएको जानकारी दिए। उनले शुक्रवार महाधिवेशनको उद्घाटन दिउँसो १ बजे भृकुटीमण्डपमा हुने र यसलाई चुस्त र व्यवस्थितरूपमा सम्पन्न गर्नेगरी तयारी भएको जानकारी पनि दिए। आजको बैठकमा नेपाली काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल अनुपस्थित भएको बुझिएको छ।

# चौध लाख मात्रा मोडर्ना खोप ल्याइँदै

काठमाडौं, २३ मङ्सिर/रासस

कोरोना भाइरसविरुद्धको मोडर्ना खोपको १४ लाख मात्रा बिहीवार आएको छ।

स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन शाखाका प्रमुख सुरेन्द्र चौरसियाका अनुसार कोभ्याक्स सुविधा अन्तर्गत अमेरिकाबाट १४ लाख ९७ हजार मोडर्ना खोपको मात्रा ल्याउन लागिएको जानकारी दिए। उक्त खोप कतार एयरवेजबाट दिउँसो काठमाडौं आइपुगेको छ। बुधवार कोभ्याक्स सुविधा अन्तर्गत छ लाख मात्रा कोभिशिल्ड खोप भारतबाट ल्याइएको थियो। मोडर्ना खोप १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई लगाइनेछ।

यही मङ्सिर २६ गते थप १९ लाख ६५ हजार मोडर्ना खोपको मात्रा ल्याउन लागिएको चौरसियाले बताए। केही दिनअघि मात्र एक लाख ८४ हजार ४०० मोडर्ना खोपको मात्रा ल्याइएको थियो। नेपालमा अहिलेसम्म खरीद गरेर, अनुदान र कोभ्याक्समार्फत दुई करोड ७९ लाख खोपको मात्रा ल्याइएको छ। सरकारले बालबालिकाका लागि ४० लाख मात्रा मोडर्ना र ६० लाख मात्रा फाइजर खोप खरीद गरी पुस १५ गतेसम्म ल्याउने तयारी गरेको विभागले जनाएको छ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

सडकमा चौपायालाई छाडा नछाडौं,
दुर्घटना हुनबाट जोगाऔं।

वीरगंज महानगरपालिका

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम  सम्पर्क नं.  आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. पन्नालाल पटेल ९८५५०३४१५५ सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज
५. डा. श्यामसुन्दर दास
६. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. रमोला साह, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा थप नौ हजार ४१९ जना कोरोना सङ्क्रमित

नयाँ दिल्ली, २३ मङ्सिर/सिन्ह्वा

भारतमा हिजो बुधवार नौ हजार ४१९ जनामा कोरोना सङ्क्रमण देखा परेपछि कुल सङ्क्रमित सङ्ख्या तीन करोड ४६ लाख ६६ हजार २४१ पुगेको केन्दीय स्वास्थ्य मन्त्रालयले बिहीवार जानकारी दिएको छ।


तस्वीर : फाइल

बुधवार कोरोना सङ्क्रमणबाट १५९ जनाको मृत्यु भएपछि कुल मृतक सङ्ख्या चार लाख ७४ हजार १११ पुगेको छ। भारतमा अझै पनि ९४ हजार ७४२ जना सक्रिय सङ्क्रमित रहेको समाचारमा जनाइएको छ।

गएको २४ घण्टामा भारतमा आठ हजार २५१ जना कोरोनामुक्त भएका छन्। यससँगै कोरोना शुरू भएयता हालसम्म तीन करोड ४० लाख ९७ हजार ३८८ जना कोरोना सङ्क्रमणबाट निको भएका छन्।

**बेलायतमा झन् बढ्यो, एकै दिन ५१ हजार सङ्क्रमित**

लन्डन/सिन्ह्वा

बेलायतमा कोरोना भाइरसको सङ्क्रमण झन् बढेको छ। बेलायतका स्वास्थ्यसम्बन्धी अधिकारीहरूले जनाए अनुसार यहाँ एकै दिन ५१ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित देखिएका छन्। यहाँका स्वास्थ्य अधिकारीहरूले धेरै लामो समयपछि यति धेरै सङ्क्रमित भएका जनाएका छन्। बेलायतको स्वास्थ्य मन्त्रालयद्वारा जारी वक्तव्यमा बुधवार मात्र ५१ हजार ३०० भन्दा बढी देखिएका हुन्। सो विज्ञप्तिमा उल्लेख गरिए अनुसार पछिल्लो चौबीस घण्टामा कोरोना भाइरसबाट यहाँ ५१ हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन्।

अघिल्लो हप्ता यहाँ सङ्क्रमित केही घटेका थिए। तर बुधवार भने यति धेरै सङ्क्रमित देखिएका हुन्। योसमेत बेलायतमा अहिलेसम्म सङ्क्रमित हुनेको सङ्ख्या १ करोड ६ लाखभन्दा बढी पुगेको छ। बेलायतमा सोमवार मात्र १६१ जनाको कोभिड सङ्क्रमणबाट मृत्यु भएको छ। बेलायतमा अहिलेसम्म कोरोनाका कारण एक लाख ४५ हजारभन्दा बढीको मृत्यु भएको छ। कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये नौ हजारभन्दा बढी अझै अस्पतालमैं उपचाररत छन्। यहाँका १६ वर्ष माथिका करीब सबै नागरिकले कोरोना भाइरसविरुद्ध खोपको पहिलो मात्रा लगाएका छन्।

तर पनि पछिल्ला केही दिनमा यहाँ सङ्क्रमण झन् बढेको पाइएको सरकारी अधिकारीहरूले बताएका छन्। सरकारी प्रयासका बावजूद सङ्क्रमित हुनेको दरमा कमी नआएको स्वास्थ्य अधिकारीहरूलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

**अमेरिकामा कोभिड सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्यामा वृद्धि**

वाशिङ्टन/सिन्ह्वा

अमेरिकाको सङ्घीय सरकारले उपलब्ध गराएको तथ्याङ्क अनुसार पछिल्लो हप्ता कोभिड–१९ सङ्क्रमणबाट दैनिक मृत्यु हुने औसत ५७ प्रतिशतले वृद्धि भएको छ। तथ्याङ्क अनुसार अब प्रतिदिन लगभग १,०३,००० नयाँ केस देखिएका छन्। जुन पछिल्लो हप्ता १९ प्रतिशतले वृद्धि भएको छ र अक्टोबरको अन्त्यदेखि ६२ प्रतिशतले बढेको छ।

यसैबीच, ओमिक्रोन भेरियन्ट अब कम्तीमा २० अमेरिकी राज्यमा फेला परिसकेको छ। रासस

## लिजेन्ड फूटबल खेलाडी पेले पुनः अस्पताल भर्ना

रियो दि जेनेरियो, २३ मङ्सिर/एएनआई/सिन्ह्वा

ब्रजीलका फूटबल लिजेन्ड पेले पेटको ट्युमरको उपचार जारी राख्न अस्पताल फर्किएका छन्।

८१ वर्षीय पेलेले सेप्टेम्बरमा ट्युमर हटाउन शल्यक्रिया गराएका थिए र डाक्टरहरूले केमोथेरापी दिन आवश्यक पर्ने बताएका थिए। साओ पाउलोको अल्बर्ट आइन्स्टाइन अस्पतालले जारी गरेको विज्ञप्तिमा बिरामीको अवस्था स्थिर रहेको र छिट्टै डिस्चार्ज हुन सक्ने बताइएको छ।


तस्वीरः एएफपी

सेप्टेम्बर ३० मा अस्पतालबाट डिस्चार्ज भइसकेपछि पेलेले गत महीना आफूलाई 'हरेक दिन राम्रो' भइरहेको महसूस गरेको बताएका थिए। चिकित्सकहरूले नियमित स्वास्थ्य परीक्षणका क्रममा ट्यूमर पत्ता लगाएका थिए।

तीनपटकको विश्वकप विजेता सन् २०१२ मा हिप रिप्लेसमेन्ट सर्जरी गराएपछि सार्वजनिकरूपमा विरलै देखा पर्ने गरेका छन्।

उनी प्रोस्टेट र मिर्गौला समस्यासँग पनि लडिरहेका छन्।

गत वर्ष पेलेका छोरा एडिन्होले उनका बुबा कमजोर स्वास्थ्य र कमजोर गतिशीलताका कारण 'एक प्रकारको डिप्रेशन'सँग लडिरहेको बताएका थिए।

पेलेले २१ वर्षको व्यावसायिक करियरमा १,३६३ खेलमा १,२८१ गोलको विश्व रेकर्ड बनाएका छन्।

उनले ब्रजीलका लागि ९१ पटक क्याप गरेका थिए र ७७ अन्तर्राष्ट्रिय स्तरको गोल गरेका थिए। रासस

**मोटरसाइकल हराएको सूचना**

२०० सिसिको NS पल्सर मोटर साईकल बजाज कम्पनीको च्यायचिस नम्बर MD2A36FX3LCE90503 ईन्जिन नम्बर JLXCLE13904 प्रदेश २(०३(१० प १५६१ नम्बरको मोटर साईकल २०७८|०८|०४ गते राती अन्जादी १:३० बजे बारा निजगढ नपा वडा नं. ९ बकैयाटोलमा रहेको आफ्नै घरको बरण्डामा राखेको ठाउबाटै चोरी भएकोले फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा ९८२७२३०५९४ नम्बरमा खवर गरि दिनुहुन अनुरोध गरिन्छ। फेला पार्नुहुनेलाई पुरस्कार पनि दिईनेछ।

**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

**आजको राशिफल**

| | |
|---|---|
| मेष – वाहनकष्ट | वृष – राज्यलाभ |
| मिथुन – धनखर्च | कर्कट – सुयश |
| सिंह – अलमल | कन्या – प्रसन्नता |
| तुला – पदोन्नति | वृश्चिक – अलमल |
| धनु – धनखति | मकर – नारीसुख |
| कुम्भ – अलमल | मीन – खिन्नता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## इन्डोनेशियामा ज्वालामुखी विस्फोटमा परी ३९ जनाको मृत्यु

जकार्ता, २३ मङ्सिर/एएफपी

इन्डोनेशियाको जकार्तामा गत शनिवार भएको ज्वालामुखी विस्फोटमा परी मृत्यु हुने व्यक्तिको सङ्ख्या ३९ पुगेको छ।

ज्वालामुखी विस्फोटमा अरू १२ जना हराइरहेका यहाँका सञ्चारमाध्यमले जानकारी दिएका छन्।

गत शनिवार इन्डोनेशियाको जाभा प्रान्तको पूर्वी क्षेत्रमा लुमाजाङ्ग नामक जिल्लामा सो ज्वालामुखी विस्फोट भएको थियो। यसबाट स्थानीय नागरिक नराम्ररी प्रभावित भएका छन्। ज्वालामुखीको खरानीले गर्दा भाग्ने क्रममा उनीहरूको मृत्यु भएको हो।

प्रभावित क्षेत्रबाट करीब चार हजार व्यक्तिलाई अन्यत्र सारिएको छ। ज्वालामुखी भग्नावशेष, भत्केका भवन र ध्वस्त सवारीसाधनमा बाँचेका र शव खोज्दै, उद्धारकर्ता खतरनाक परिस्थितिसँग लडिरहेका छन्।

यहाँको राष्ट्रिय प्रकोप व्यवस्थापन विभागका प्रवक्ता अब्दुल मुहारीले अहिलेसम्म १२ जना हराइरहेको जानकारी दिएका छन्।

उनले हराएका ती व्यक्तिको पत्ता लाग्न सकेको छैन, उनीहरू हराएका या मृत्यु भएको पनि हुन सक्ने बताएका छन्। जकार्ता समयानुसार गत शनिवार दिउँसो ३:१० बजे तीन हजार ६७६ मिटर अग्लो माउन्ट सेमेरूमा ज्वालामुखी विस्फोट भएको थियो। रासस

## पूर्व–पश्चिम रेलमार्ग निर्माण सुस्त

काठमाडौं, २३ मङ्सिर/रासस

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पूर्व–पश्चिम विद्युतीय रेलमार्ग निर्माणले अझै गति लिन सकेको छैन। नौ प्याकेजमा निर्माण अघि बढाउने योजना बनाइएको थियो। त्यसै अनुरूप केही प्याकेजको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयारी अघि बढाइएको छ भने केहीको अध्ययन सकिए पनि निर्माण अघि बढेको छैन।

निजगढ खण्डमा विभागले कतिपय काम गरिसकेको छ। उनले भने, "कतिपय काम बाँकी भएकामा बजेट सुनिश्चित भएमा पाँच/सात वर्षमा बर्दिबाससम्मै रेल चल्न सक्छ।"

विभागले अहिले निर्माणको काम बर्दिबास निजगढ खण्डमा मात्रै अघि बढाएको छ। झन्डै ६९ किमी लम्बाइको सो खण्डमा सुधार र पुल निर्माणको काम भइरहेको महानिर्देशक भट्टराईले जग्गाप्राप्तिका लागि काम गरिरहेको छ। जग्गाप्राप्तिका लागि जिल्ला प्रशासन कार्यालयले उपसमिति बनाएर काम अघि बढाएको छ। महानिर्देशक भट्टराईका अनुसार दररेट निर्धारणको काम थोरै मात्रै बाँकी छ। उनले भने, "सूचना निकालेमा स्थानीयवासी मुआवजाका लागि आउनुहुन्छ तर बजेट नभएकाले हामीले त्यो गर्न सकिएको छैन।"



तस्वीरः फाइल

बर्सेनि कम बजेट छुट्याइएकाले निर्माणले गति लिन नसकेको रेल विभागले जनाएको छ। रेलमार्ग निर्माणमा जग्गाप्राप्तिको विषय पनि टुङ्गो लाग्न बाँकी रहेको विभागका महानिर्देशक दीपककुमार भट्टराईले बताए। "बर्सेनि सरकारले झन्डै रु ८/१० अर्ब बजेट छुट्टाउने गरेको छ," उनले भने, "यो वर्ष अझै घटेर रु साढे छ अर्ब बजेट छुट्टाइएको छ।"

आयोजना पूरै सम्पन्न गर्न ठूलो रकम आवश्यक भएपनि एउटा खण्डलाई पहिलो प्राथमिकता दिएर निर्माण अघि बढाउन सकिने विभागले जनाएको छ। निर्माणको काम अघि बढिरहेको बर्दिबास–निजगढ खण्डलाई पहिले सम्पन्न गर्दा रेल यातायातको विस्तार गर्न सकिने महानिर्देशक भट्टराईले बताए। सो खण्डमा अन्तिम काम बाँकी रहेकामा त्यो सम्पन्न गर्दा रेल चलाउन पूर्वाधार बन्ने उनले बताए। बजेट उपलब्ध हुँदा कम्तीमा पाँच वर्षमा निर्माण सकिने उनको भनाइ छ। उनले भने, "बजेट कम भएकाले काम गर्न गाह्रो हुन्छ।"

बर्दिबास–निजगढ प्याकेजमा पहिले बजेट सुनिश्चित गरेर बाँकी काम अघि बढाउने गरी योजना बनाइएको छ। यो एउटा प्याकेजमा काम गर्न सकेमा सो रेलमार्ग जयनगरबाट बर्दिबाससम्म पुग्न सक्ने महानिर्देशक भट्टराईले बताए। भारत सरकारको लगानीमा निर्माण भएको जयनगरबाट जनकपुर हुँदै कुर्थासम्मको रेलमार्ग तयारी अवस्थामा छ। नेपाल रेलवे कम्पनी लिमिटेडले जनशक्ति तयार भएपछि रेल सञ्चालन गर्न तयारी अघि बढाएको छ। कुर्थाबाट बिजलपुरासम्म १७ किमी रेलमार्ग निर्माण भइरहेको छ भने बिजलपुराबाट बर्दिवाससम्म १७ किमीमा जग्गाप्राप्तिको काम भइरहेको छ। जग्गा छुट्टाएर काम गर्दा दुई वर्षमा बर्दिबाससम्म निर्माण सकिने उनको भनाइ छ। पूर्व–पश्चिम विद्युतीय रेलमार्गमा नै पर्ने बर्दिबास बताए। ५० किमीमा लम्बाइमा सुधारको काम सकिएर अरू काम गर्नुपर्ने देखिन्छ। सो खण्डमा रेलको ट्र्याक राख्ने, स्टेशन बनाउने, विद्युतीय काम र सिग्निलिङको काम गर्नुपर्ने महानिर्देशक भट्टराईले बताए। उनले भने, "रेल चलाउन गर्नुपर्ने खास काम बाँकी नै छ।" निर्माण भइरहेको प्याकेजमा पनि सम्पन्न हुन पाँच वर्ष लाग्ने विभागले जनाएको छ। बजेट सुनिश्चित र बहुवर्षीय ठेक्काका लागि कारबाही अघि बढाइएको महानिर्देशक भट्टराईले बताए। यो खण्डमा काम गर्न यो वर्ष अर्थ मन्त्रालयले बजेट सुनिश्चित गरेमा आगामी वर्ष निर्माण कम्पनी र परामर्शदाता नियुक्ति प्रक्रिया अघि बढाइनेछ। उनले भने, "आगामी वर्ष ठेक्का लगाउन सकेमा तीन/चार वर्षमा निर्माण सकिनेछ।"

निजगढदेखि चितवन खण्डमा अझै अध्ययन हुन बाँकी छ। अरू खण्डमा विस्तृत अध्ययन सकिएको छ। सो प्याकेजमा रेखाङ्कन परिवर्तन गर्नुपर्ने हुँदा अरू प्याकेजभन्दा ढिला अध्ययन भइरहेको छ। राष्ट्रिय निकुञ्जभित्रबाटै रेलमार्ग निर्माण गर्दा त्यहाँका वन्यजन्तु र वनस्पतिलाई असर पुऱ्याउने भएकाले अहिले निजगढबाट हेटौंडा हुँदै भरतपुर जोडिने गरी रेलमार्ग अघि बढाउन लागिएको छ। सो स्थानमा डिपिआर भइरहेकामा विभागले पनि अनुगमन गरिरहेको छ।

काँकडभिट्टा–इनरुवा खण्डमा विगतका वर्षमा जग्गाप्राप्तिमा समस्या थियो। अहिले सो खण्डमा कतिपय जग्गाको समस्या हल भइसकेको र बाँकीमा अन्तिम चरणमा पुगेको महानिर्देशक भट्टराईले बताए। बजेटको कमीले गर्दा दररेट निर्धारण गर्न नसकिएको उनको भनाइ छ। विभागले अहिले बजेट सुनिश्चितताका लागि कारबाही अघि बढाएको छ। रेल विभागको दमक कार्यालयले अहिले त्यहाँका पालिकासँगको समन्वयमा

अहिलेसम्म सरकारको बजेटबाट नै रेलमार्गको अध्ययन र थोरै निर्माण अघि बढिरहेको छ। अहिलेसम्म रेलमार्गमा वैदेशिक लगानी सुनिश्चित नभएको महानिर्देशक भट्टराईले बताए। निर्माणको तयारीका लागि पहिले अध्ययन र जग्गाप्राप्तिमा लागिएको छ। उनले भने, "अध्ययन र तयारी सकिएपछि नै लगानीबारे सोच्नुपर्छ।" सो रेलमार्ग र भारतीय लगानीमा निर्माण भएको जयनगर–कुर्था–बर्दिबास रेलमार्ग बर्दिबासमा मिसिने विभागका सिनियर डिभिजनल इन्जिनीयर अमन चित्रकारले बताए। भारत सरकारले निर्माण गरेको रेलमार्ग ब्रोडगेज हो भने पूर्व–पश्चिम रेलमार्ग कतिपय अध्ययन स्टचान्डर्ड गेजमा भइरहेको उनको भनाइ छ।

पहिले पूर्व–पश्चिम विद्युतीय रेलमार्ग ९४५ किमी लम्बाइ हुने देखिएको थियो। पहिलेको रेखाङ्कन परिवर्तन गरेर नयाँमा जाँदा भने कुल लम्बाइ परिवर्तन हुन सक्ने सिनियर डिभिजनल इन्जिनीयर चित्रकारले बताए। पुरानो रेखाङ्कनमा चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्ज भएर जाने गरी अध्ययन भएको थियो।

त्यहाँबाट लैजान नमिलेपछि रेखाङ्कन परिवर्तन हुन लागेको छ। अहिले निजगढ–हेटौंडा–भरतपुरको डिपिआर भइरहेकामा त्यो सकिएपछि नै कुल लम्बाइ थाहा हुने उनले बताए। उनले भने, "केही बढ्ने देखिए पनि यति नै हुन्छ भन्न अहिले सकिँदैन।"

नेपालमा रेल यातायातमा अहिलेसम्म उल्लेखनीय उपलब्धि हासिल भइसकेको छैन। पहिले रेल यातायात भौतिक पूर्वाधार मन्त्रालयमा एउटा आयोजनाका रूपमा रहेको थियो। विसं २०६८ रेल विभाग स्थापना भएपछि त्यसले नै रेल यातायातमा काम गरिरहेको छ।

### तीनै तहका निर्वाचन......

मतदान हुने आकलन गरिँदै आएकोमा तीन तहकै एकैपटक चुनाव गरिएमा ११ ठाउँमा मत सङ्केत गरी खसाल्न १८ मिनेटसम्म लाग्ने पूर्व अनुमान गरी समयका हिसाबले पनि अव्यावहारिक हुने आयोग पदाधिकारीको तर्क छ।

हाल कायम रहेका मतदान केन्द्रमा एकैपटक निर्वाचन भएमा समयका हिसाबले तीन दिन लाग्ने हुँदा अहिलेका निर्वाचन केन्द्रलाई चार गुनाले विस्तार गर्नुपर्ने आयोगको सुझाव छ। सुरक्षा संवेदनशीलता र जनशक्ति परिचालन पनि विगतभन्दा तीन गुणा बढाउनुपर्ने भएकोले खर्चको पाटोबाट पनि मितव्ययी बन्न नसक्ने आयोगको बुझाइ छ।

राष्ट्रियसभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण बिडारीले तीन तहकै निर्वाचन एकैपटक गर्न कानूनी अप्ठेरो भए पनि राजनीतिक दलको सहमतिमा स्थानीय तहको निर्वाचन केही पर धकेल्न सकिने धारणा राखे। उनले भने–"एकैपटक निर्वाचन हुँदा स्थानीय तहमा जनप्रतिनिधि केही समय खाली हुन पुग्छन्, एउटै मतदाताले धेरै ठाउँमा मत हाल्नुपर्छ, अलमल हुन सक्छ, अर्कोतर्फ एउटै खर्चले कम हुन्छ, विकास बजेट जोगिन्छ, तर जे होस् संविधानले व्यवस्था गरे अनुरूप काम गर्दा नै उचित हुनेछ।"

निर्वाचनका समयमा राजनीतिक दल र उम्मेदवारले गर्ने खर्च पनि राज्यकै भएकोले प्रचारप्रसारका बेला हुने भोज, भतेर, पोस्टर, ऱ्याली, शक्ति प्रदर्शन र मतदातालाई प्रभाव पार्ने अरू गतिविधि रोक्न सकिए आयोगले गर्ने खर्चले मात्र निर्वाचन महँगो नहुने आम निर्वाचन विज्ञको बुझाइ छ।

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले केही दिन अघि निर्वाचनलाई मितव्ययी तुल्याउन तीन तहको निर्वाचन एकैचोटि गर्न दलहरूबीच साझा सहमति कायम गरेर अघि बढ्न सकिने बताएका थिए।

प्रमुख ठूला राजनीतिक दल नेकपा (एमाले) र नेपाली काङ्ग्रेसको भने अघिल्लो निर्वाचनजस्तै प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको एकैपटक तथा स्थानीय तहको बेग्लै चुनाव गर्नुपर्छ भन्ने मत छ।

# रङ्गशालामा धूलो उडेको भन्दै धूलो नियन्त्रण गर्न माग

प्रस, निजगढ, २३ मङ्सिर/

निजगढ नपा–९ स्थित शहीद हीरालाल रङ्गशालामा धूलो उडेको भन्दै आसपासका क्रसर उद्योगहरूले धूलो नियन्त्रण गर्नुपर्ने माग राखिएको छ।

क्रसर उद्योगहरूका बीचमा फूटबल मैदान निर्माण गरेसँगै वर्षौंअघिदेखि यहाँ खेल्न आउने खेलाडीहरूले धूलोको सास्ती खेप्दै आइरहेका छन्।

मेयर कप फूटवल प्रतियोगिता सञ्चालन भइरहँदा पनि एकथरी क्रसर उद्योगीहरूले क्रसर चलाउँदै आइरहेका छन्।

स्वास्थ्यका लागि खेलकुद भनिए पनि यस शहीद हीरालाल रङ्गशालामा फूटबललगायत अन्य खेल खेल्न आउने र हेर्न आउने दर्शकहरूले क्रसर उद्योगबाट उडेका धूलो र रङ्गशाला आसपासमा थुपारिएका नदीजन्य पदार्थ र खोलाबाट ल्याइएका नदीजन्य पदार्थ थुपार्न प्रयोग गरिएका सवारीसाधनले उठाएको धूलोले रङ्गशाला ढाकिने गरेको छ।

बिहीवार निजगढ नपा–९ का अध्यक्ष सुदर्शनप्रसाद बडालको अध्यक्षतामा बसको भेलाले क्रसर उद्योगबाट उत्पादित टेन डाउन गिट्टी सार्वजनिक स्थानमा जथाभावी फयाँक्दै आए पनि क्रसर उद्योगले नै उचित व्यवस्थापन गर्नुपर्ने,



क्रसर उद्योग र नदीजन्य पदार्थले घेरिएको शहीद हीरालाल रङ्गशाला। तस्वीरः प्रतीक

सो रङ्गशालाबाट ५० मिटर वरपरबाट बाटो व्यवस्थित गर्ने, रङ्गशालाको कम्पाउन्डदेखि ५० मिटरभित्र कुनै पनि नदीजन्य पदार्थ राख्न नपाइने, उक्त रङ्गशाला वरिपरि धूलो उड्न नदिन पानी हाल्नुपर्ने निर्णय गरिएको छ।

उक्त निर्णय कार्यान्वयन गर्न गराउन निजगढ फूटबल क्लबका पदाधिकारी, खेलाडी, क्रसर उद्योगका प्रतिनिधि, निजगढ नपा कार्यपालिका सदस्य, जनप्रनिधिहरूको रोहबरमा सो निर्णय गरी समस्या समाधान गर्ने सहमति भएको निजगढ नपा–९ का सदस्य जगतबहादुर न्यौपानेले जानकारी दिए।

# गहवामा महिलाहरूको लागि ड्रेस मेकर्स तालिम शुरू

प्रस, परवानीपुर, २३ मंसिर/

वीरगंज–८ गहवामा तीन महिने ड्रेस मेकर्स तालिम शुरू भएको छ। २० जना महिलाहरूलाई छनौट गरी तालिम सुरु गरिएको हो।

रोजगार तथा सीपविकास तालिम केन्द्र वीरगंजको इभेन्ट परियोजना २ अन्तर्गत शुरू भएको तालिमको उद्घाटन वीरगंज महानगरपालिका वडा नं ८ का वडा अध्यक्ष राजकिशोर गुप्ताले गरे।

अध्यक्ष गुप्ताले तालिममा सहभागीहरूलाई आयआर्जनमा मद्दत मिल्ने बताए। आयोजक संस्थाका अध्यक्ष वीरेन्द्र साह कानुको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका फिल्ड मनिटर अरविन्द पटेलले कार्यक्रमबारे प्रकाश पारेका थिए।



तस्वीरः प्रतीक

# प्रेस चौतारी पर्साको अधिवेशन पुस २४ गते

प्रस, वीरगंज, २३ मङ्सिर/

प्रेस चौतारी नेपाल, पर्साको पाँचौं



जिल्ला अधिवेशन आगामी पुस २४ गते हुने भएको छ।

प्रेस चौतारी नेपाल, पर्साका अध्यक्ष श्याम बन्जाराको अध्यक्षतामा हिजो बुधवार नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा बसेको बैठकले प्रेस चौतारी, पर्साको अधिवेशन पुस २४ गते गर्ने निर्णय गरेको हो। बैठकले अधिवेशनका लागि अध्यक्ष बन्जाराको संयोजकत्वमा मूल व्यवस्थापन समितिसमेत गठन गरेको छ। बैठकमा चौतारीका महेश दास, केसी लामिछाने, अनुप तिवारी, महेशचन्द्र गौतम, तुलसी भण्डारी, सञ्जीव मिश्र, भूषण यादव, निरञ्जन मिश्र, जियालाल साह, ग्यासुमियाँ देवानलगायतको सहभागिता थियो।






## खेलकूदको संसार

# नेरामावि डुमरवाना र राष्ट्रिय विभूति क्वाटरफाइनलमा

प्रस, बारा, २३ मङ्सिर/

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, डुमरवाना र राष्ट्रिय विभूति शिक्षा सदन डुमरवाना, सिमरामा जारी अन्तर विद्यालय फूटबल प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेका छन्।




तस्वीर सौजन्यः अविनाश आचार्य

बिहीवार भएको प्रि–क्वाटरफाइनल खेलमा सिमरा पब्लिक इङ्गलिश स्कूल (एसपिईएस) लाई २–० ले हराउँदै नेरामावि क्वाटरफाइनलमा स्थान बनाएको हो। त्यस्तै, राष्ट्रिय विभूति शिक्षा सदनले नोबेल एकेडेमीलाई ३–० ले पराजित गर्दै क्वाटर फाइनलमा प्रवेश गर्‍यो।

नेरामाविलाई जीत दिलाउन करण चौधरी एक्लैले दुई गोल गरे। खेलको सुरुआती समयमैं गोल गरेर अग्रता बनाएका करणले ४५ मिनेटमा अग्रता दोब्बर पारे। टीमलाई २–० को जीत दिलाएका करण नै खेलको 'म्यान अफ दी म्याच' घोषित भए।

यसैगरी, राष्ट्रिय विभूतिको जीतमा राजकुमार चौधरीले दुई गोल गरेका थिए। केशव चौधरीको नाममा एक गोल रह्यो। खेलको म्यान अफ दी म्याच राजकुमार चौधरी घोषित भए।

प्रतियोगिता अन्तर्गत शुक्रवार एक खेल हुनेछ। दिउँसो २:३० मा हुने खेलमा बारा एकेडेमी, पिलुवा र न्यू एकता बोर्डिङ स्कूल खेल्ने प्रतियोगिताका संयोजक सोनु क्षेत्रीले जानकारी दिए।

# वीरगंजमा एमआरहरूको क्रिकेट प्रतियोगिताको तयारी

प्रस, परवानीपुर, २३ मङ्सिर/

वीरगंजमा एमआरहरूको क्रिकेट प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ। नेपाल औषधि तथा बिक्री प्रतिनिधि सङ्घ पर्साले मङ्सिर २५ गतेदेखि आदर्शनगर रङ्गशालामा आयोजना हुने तीन दिवसीय क्रिकेट प्रतियोगितामा कर्पोरेट घरानाका आठवटा टीम रहने जनाएको छ।



तस्वीरः प्रतीक

वीरगंजमा बिहीवार पत्रकार सम्मेलन गर्दै सङ्घका अध्यक्ष मनोज साह कानूले प्रतियोगिताको बारेमा जानकारी गराए। उनका अनुसार खेल हरेक हप्ताको शनिवार बिदाको दिन मात्रै हुनेछ। 'प्रथम एनएमएसआरए एफ–१५ नकआउट क्रिकेट प्रतियोगिता' नाम दिइएको छ। मङ्सिर २५ गते उदघाटन, पुस ३ गते सेमिफाइनल र पुस १० गते फाइनल, प्रतियोगिता हुने आयोजक समितिको कार्यतालिका छ। एमआरहरूको प्रबन्धकको समूह पिन, क्वेस्ट फर्मास्यूटिकल्स, एनपीएल, म्यागनस फर्मास्यूटिकल्स, भास्कर हर्बलस्यूटिकल्स र नेपाल–इन्डो हस्पिटल गरी आठवटा टीम सहभगी हुनेछन्। प्रतियोगिताका विजेताले २५ नगद र उपविजेताले १५ हजार नगदसहित ट्रफी, प्रमाणपत्र र उपहार प्रदान गरिने आयोजक समूहका प्रतिनिधि कृष्णझाले जानकारी दिए।

# जीप दुर्घटना, यात्रीहरू सकुशल

प्रस, बिरुवागुठी, २३ मङ्सिर/

पर्सागढी नगरपालिका–३ बडनिहार बजार ब्रह्मस्थाननजीक जनता सडकमा बिहीवार बिहान यात्रुवाहक म्याजिक जीप दुर्घटना भएको छ।



दुर्घटनाग्रस्त जीप। तस्वीरः प्रतीक

सखुवाप्रसौनी गापा–१ औराहाबाट सिमराका लागि हिंडेको जीप धानलोड ट्याक्टरलाई ओभरटेक गर्दा दुर्घटना भएको हो। जीप पल्टेर सडकदेखि तल खसे पनि जीपमा रहेका सबैजना यात्रु भने सकुशल रहेको प्रहरी चौकी बडनिहारले जनाएको छ।

जीपमा नन्दन घ्यू उद्योग, सिमरामा कार्यरत महिला कामदारहरू रहेको र उनीहरूसहित चालकसमेत सकुशल रहेको प्रहरीले जनाएको छ।

# दुर्घटनामा महिला स्वास्थ्यकर्मी घाइते

प्रस, वीरगज, २३ मङ्सिर/

सुख्खा बन्दरगाह सडक खण्डमा बिहिवार बिहान ट्रकको ठक्करबाट एकजना महिला स्वास्थ्यकर्मी सख्त घाइते भएको समाचार छ।

घाइते महिलाको अवस्था नाजुक रहेको चिकित्सकले बताए। वडा प्रहरी कार्यालय श्रीपुरले घाइते महिलाको एलएस न्युरोमा उपचार भइरहेको बताएको छ। प्रदेश २०३.००१ ख ६२५७ नम्बरको ट्रकले विपरित दिशाबाट आउँदै गरेको महिला स्वास्थ्यकर्मी सवार स्कुटीलाई ठक्कर दिदा पोखरिया नगरपालिका–६ पुनिताकुमारी दास घाईते भएकी थिइन।

घाइते स्वास्थ्यकर्मी बिन्ध्यवासिनी गाउँपालिका अन्तर्गत रहेको स्वास्थ्य चौकी बहुअर्वाभाटामा कार्यरत रहेको प्रहरीले जनाएको छ। पोखरिया निवासी महिला स्वास्थ्यकर्मी वीरगजबाट स्वास्थ्य चौकीतर्फ जाने क्रममा आज बिहान दुर्घटना भएको र ठक्कर दिन ट्रक र सोका चालकलाई प्रहरी नियन्त्रणमा राखिएको वप्रका श्रीपुरले जनाएको छ।

# विद्युत चुहावटमा पक्राउ परेका व्यक्ति छाडिए

प्रस, वीरगंज,२३ मङ्सिर/

नेपाल विधुत प्राधिकरण पोखरिया वितरण केन्द्रले विद्युत चुहावट नियन्त्रणका क्रममा पक्राउ परेका एकजनालाई छाडेको विषयलाई लिएर विवाद शुरु भएको छ।

बुधवार बिहान पोखरिया वितरण केन्द्रले जारी राखेको चुहावट नियन्त्रण अभियान अन्तर्गत खटेको विद्युत कर्मचारी सम्मिलित सुरक्षाकर्मीहरुको टोलीले औराहा, जगरनाथपुर, पाडेपुर, बिशुनपुरवा, भलुवहिया, सतवरिया टोलबाट विद्युत चुहावट गरेको कसुरमा एघारजनालाई नियन्त्रणमा लिएको थियो। तर उनिहरुमध्ये दशजनालाई जरिवाना तिर्न लगाएर हिजो साँझ छाडेपछि एकजनालाई बाटोमा छाडेको रहस्य उजागर भएको हो।

पक्राउ परेका एकजनालाई कार्यालय प्रमुख जगरनाथ झाको आदेशमा छाडिएको थियो। यसबारे प्रमुख झासंग बुझ्दा उनले एकजनालाई छाडेको कुरा स्वीकारे। प्रमुख झाले छाडिएका व्यक्ति बिरामी भएको बताए।


**तपाई निम्न मध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?**

- बाल विवाद
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दबाव विवाह

**विचार गर्नुस,**
के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड